ग्राहक प्रति

लोकप्रिय राष्ट्रिय दैनिक

राजधानी

काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित

लोकप्रिय राष्ट्रिय दैनिक राजधानी

☎ ग्राहक बन्नु परेमा

☎ नवीकरण गर्नु परेमा

☎ ठेगाना परिवर्तन भएमा

र पत्रिका नियमित नआए

सिधा सम्पर्क 5546300, बिहान १० बजे देखि ५ बजेसम्म Ext: 112, 108

नेपाली चलचित्र हेर्ने ..... पृष्ठ ६

काठमाडौं । वर्ष १५, अंक १९८, काठमाडौं, मंगलबार १४ पुस २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np । Email rajdhaninews@gmail.com । RAJDHANI Nepali National Daily । Kathmandu, Tuesday 29 December 2015 । पृष्ठ : ८ मूल्य रु. ४/-

मधेस समस्या टुंगिने बिन्दुमा : प्रधानमन्त्री

काठमाडौं/रास- प्रधानमन्त्री केपी शर्मा ओलीले मधेस समस्या टुंगिने बिन्दुमा पुग्नै लागेको खुलासा गरेका छन् । सोमवार सञ्चारकर्मीसंग कुरा गर्दै प्रधानमन्त्री ओलीले अबको केही समयभित्रै मधेसको समस्या समाधान हुने जनाउ दिएका हुन् ।

'छिट्टै परिस्थितिमा सुधार आउंछ, हामीले सघन ढंगले छलफल र संवाद गरिरहेका छौं । राष्ट्रिय, अन्तर्राष्ट्रिय रूपमा छलफल अझै तीव्रताका साथ अघि बढ्छ । आन्दोलनरत पक्षले कुरा बुझ्दै गइरहेका छन् । अब सानो तहले बुझेको छैन, त्यसलाई पनि हामी बुझाउन लागेका छौं ।

अब छिट्टै मधेसको समस्या समाधान हुन्छ । सबै नभए पनि समस्याको मात्रा कामचलाउ भएर रहन्छ,' प्रधानमन्त्रीले भने । उनले संवादबाटै समस्याको समाधान गर्ने प्रतिबद्धता जनाउंदै जिम्मेवार भएर आउन आन्दोलनरत दलहरूलाई पुनः आग्रह गरे ।

(विस्तृत पृष्ठ २ मा)

सात दिनभित्र १० हजार दिन निर्देशन

काठमाडौं/रास- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भूकम्पपीडितलाई सात दिनभित्र राहत उपलब्ध गराउन सरकारलाई निर्देशन दिएको छ ।

आयोगले सोमवार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, गृह, स्थानीय विकास, स्वास्थ्य, आपूर्ति मन्त्रालय र सुरक्षा निकायका प्रमुखलाई बोलाएर दूत गतिमा राहत पुदान गर्न निर्देशन दिएको हो ।

चिसोका कारण धादिङ, गोरखा, ललितपुर, दोलखा, रसुवालगायत जिल्लामा भूकम्पपीडितको निधन भएकोप्रति चासो व्यक्त गर्दै आयोगले न्यानो कपडा किन्न सरकारले दिने भनेको १० हजार रुपैयां सात दिनभित्र उपलब्ध गराउन निर्देशन दिएको छ ।

तत्कालका लागि न्यायो कपडा किन्न भन्दै सरकारले भूकम्पपीडितलाई १० हजार रुपैयां उपलब्ध गराउने भनेर जिल्ला-जिल्लामा पठाइएको रकम वितरण नभएको र राहत वितरण प्रभावकारी नभएको भन्दै नागरिकको तहबाट व्यापक गुनासो आएपछि आयोगले सात दिनभित्रै भूकम्प प्रभावित १४ ओटै जिल्लामा सो रकम वितरण गर्न र त्यसको जानकारी गराउन आग्रहसमेत गरेको आयोगका प्रवक्ता कृष्णहरि पुष्करले बताए ।

कतिपय जिल्लामा राहत रकमको अख्तियारी गएको भए पनि कर्मचारीको अभाव, प्रक्रियागत झन्झट, यातायातको असुविधा र इन्धन अभाव रहेको भन्दै वितरण नगरेको पाइएको अख्तियारको भनाइ छ ।

(बाँकी पृष्ठ २ मा)

यौनदासी विवाद टुंग्याउन सहमत

सोल/एजेन्सी- जापान र दक्षिण कोरियाबिच दोस्रो विश्वयुद्धको समयमा जापानले दक्षिण कोरियाली महिलाहरूलाई यौनदासी बनाएको सम्बन्धी विषयलाई हल गर्न सहमत भएका छन् ।

सन् १९६५ पछि पहिलो पटक दुई देशबिच लामो समयदेखि विवादास्पद रहेको सो विषय समाधान गर्न सहमत भएका हुन् ।

जापानी विदेशमन्त्री फुमियो किशिदा हाल सोल भ्रमणमा रहेका बेला कोरियन समकक्षी युन बाई युङ सीसँगको भेटपछि सो सहमति भएको हो ।

(विस्तृत पृष्ठ ५ मा)

पशुपतिनाथको विशेष पूजापछि राष्ट्रपति विद्यादेवी भण्डारी, गृहमन्त्री शक्ति बस्नेतलगायत सामूहिक तस्बिर खिचाँउदै । (समाचार पृष्ठ २ मा) तस्बिर : सत्यन श्रेष्ठ/राजधानी

मध्यमार्गी बाटो खोज्ने निष्कर्षमा तिन दल

साझा धारणा बनाएर मोर्चासँग वार्ता गर्ने निर्णय

रामकृष्ण अधिकारी/राजधानी
काठमाडौं, १३ पुस

प्रमुख तिन दलले तराई-मधेसको आन्दोलन सम्बोधनका लागि 'मध्यमार्गी साझा प्रस्ताव' तयार पार्ने भएका छन् । कांग्रेस, एमाले र एमाओवादीले पहिले आ-आफ्नो दलमा आन्तरिक छलफल गर्ने र त्यसपछि तिन दलबिच साझा अवधारणा बनाई संयुक्त लोकतान्त्रिक मधेसी मोर्चासंग वार्तामा बस्ने निष्कर्ष निकालेका हुन् ।

मोर्चासंगको वार्ता प्रक्रियालाई फलदायी र परिणाममुखी बनाउन मुख्य तिन दलले पहिले आफैंभित्र मधेस आन्दोलनका विषयमा साझा अवधारणा बनाउने सहमति गरेका छन् । सोमवार प्रधानमन्त्री निवास बालुवाटारको खुला चौरमा बसेको प्रमुख तिन दलका शीर्ष नेताको बैठकले सो सहमति गरेको एमाले वरिष्ठ नेता झलनाथ खनालले जानकारी दिए । 'हामी तिन दलकै विचमा पनि मधेसको आन्दोलनलाई हेर्ने र बुझ्ने सबालमा मतभिन्नता छन्, आ-आफ्नै दृष्टिकोण छन्,' पूर्वप्रधानमन्त्रीसमेत रहेका एमाले वरिष्ठ नेता खनालले राजधानीसंग भने, 'पहिले हामीले यस विषयमा आफ्नो पार्टीभित्र आन्तरिक छलफल गर्ने र साझा अवधारणा बनाउने अनि मधेसी मोर्चासंग वार्तामा बस्ने निष्कर्ष निकालेका छौं ।' यद्यपि, तराई-मधेसमा आन्दोलनरत मधेसी मोर्चालाई समेत सहमतिमा लिने गरी बनाइने त्यस्तो 'मध्यमार्गी साझा प्रस्ताव' का विषयमा भने नेताहरूले केही बताएका छैनन् । आफ्ना ११ बुंदे मागमा मुख्य तिन दलले साझा धारणा बनाई प्याकेज सहमतिको 'रोडम्याप' ल्याउनुपर्ने मोर्चाको अडानका बिच तिन दलले त्यस्तो अवधारणा बनाउन लागेका हुन् ।

व्यवस्थापिका संसद्मा दर्ता भएको संविधान संशोधन विधेयक अगाडि बढाउने, तिन महिनाभित्र राजनीतिक सहमतिका आधारमा सीमांकन परिमार्जन गर्ने गरी प्रमुख तिन दलले अगाडि सारेको तिनबुंदे प्रस्तावलाई मोर्चाले अस्वीकार गरेपछि दलहरूले पुनः लचकता प्रदर्शन गर्दै साझा अवधारणा बनाउन तयार देखिएका हुन् । तिन दलले संसद्मा दर्ता भएको संविधान संशोधन विधेयक अगाडि बढाउने, नागरिकताको समस्या समाधानका लागि पहल गर्ने र तिन महिनाभित्र राजनीतिक सहमतिका आधारमा सीमांकन परिमार्जन गर्नेजस्ता विषयमा मोर्चालाई सहमतिमा ल्याउन प्रयास गर्दै आइरहेका छन् । तिन दलले पहिले नै अघि सारेको तिनबुंदे अवधारणालाई नै टेकेर त्यसैको सेरोफेरोमा रहेर साझा अवधारणा बनाउने प्रयास हुनेछ,' खनालले भने ।

प्रमुख तिन दलको सहमतिका आधारमा तयार पारेको सो तिनबुंदे प्रस्तावलाई सरकारले ५ पुसको मन्त्रिपरिषद् बैठकबाट पारित गरिसकेको सन्दर्भमा मोर्चासंग सहमति हुन सकिरहेको छैन । अझ मोर्चासंग सरकारले २७ मंसिरयता औपचारिक वार्तासमेत गर्न सकिरहेको छैन । यस्तो बेला तिन दलले मोर्चासंगको वार्ताका लागि थप लचकता प्रदर्शन गर्दै मध्यमार्गी प्रस्तावको खोजी गर्ने बताएका हुन् । बैठकमा सहभागी एमाले वरिष्ठ नेता खनालले तिनै दलले लचकता प्रदर्शन गर्दै सहमतिका लागि यथाशीघ्र साझा अवधारणा बनाउने बताए । 'अब हामी मोर्चासंग निर्णायक र परिणाममुखी छलफलका लागि साझा धारणा बनाउन आ-आफ्नो पार्टीमा पनि छलफल गरेर शीघ्र समाधानको बाटोमा लाग्ने छौं,' खनालले भने ।

दलहरूले मोर्चासंग वार्ताका क्रममा प्रस्ताव गर्ने साझा अवधारणाका विषयमा सोमवारको बैठकमा छलफल गरे पनि केही खुलाएका छैनन् । उनीहरूबिच संसद्मा दर्ता भएको संविधान संशोधन विधेयकको भाषा संशोधन गरेर जाने, मोर्चाले जारी राखेको आन्दोलन फिर्ता लिने र तिन महिनाभित्र राजनीतिक सहमतिका आधारमा सीमांकन संशोधन गर्ने गरी लिखित सहमति गर्ने प्रस्तावमा छलफल चलेको बताइन्छ । 'मोर्चाका नेताहरूले आफ्ना मागमा के सम्बोधन होस् भन्ने चाहेका हुन्, त्यसको खोजी गर्ने र साझा धारणा बनाएर जाने भन्ने विषयमा तिन दलका नेताहरूबिचमा छलफल चलेको छ,' एमाओवादी उपाध्यक्ष नारायणकाजी श्रेष्ठले भने, 'मोर्चा र तिन दललाई नै मान्य हुने र सबैले जिल्ने 'मध्यमार्गी' बाटो के हुन सक्छ भनेर खोजी गर्ने कुरा भएको छ ।'

कांग्रेस नेता डा. भीनेन्द्र रिजालले पनि मोर्चाका नेताहरूसंगको वार्ता र छलफलका लागि दलहरूले पहिले साझा धारणाको खोजी गर्ने जानकारी दिए । 'अब समस्यालाई धेरै समयसम्म असरल्ल पार्नुहुँदैन, यसले मुलुकलाई लथालिंग बनाउंछ भन्नेमा सबै दलले गम्भीरतापूर्वक सोचेर समस्या समाधानको खोजी गर्नुपर्छ,' रिजालले भने, 'सबैलाई मान्य हुने गरी मध्यमार्गी बाटोबाट समस्याको समाधान खोज्नुपर्छ भन्नेमा हामी सबै एक ठाउंमा छौं ।' संसद्मा सोमवारबाट संविधान संशोधन विधेयकले प्रवेश पाएको छ । मंगलवार यस विषयमा छलफल गर्ने कार्यसूची सभामुखले राखेकी छन् । त्यही विचमा दलहरूले साझा धारणा बनाउने र एकाध दिनमै समाधानको बाटो पहिल्याउने विषयमा तिन दलको बैठकमा छलफल भएको नेताहरूले बताएका छन् ।

दुगड सञ्चालकविरुद्ध ठगी र कालोबजारीमा मुद्दा दायर

१० वर्ष कैद र १४ करोड रुपैयाँ बिगो दाबी

डिल्ली आचार्य/राजधानी
काठमाडौं, १३ पुस

कालोबजारी र ठगी अभियोगमा दुगड ग्रुपका सञ्चालक किशनलाल (केएल) दुगडसहित ११ जनाविरुद्ध काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भएको छ । खानेतेलमा कालोबजारी गरी उपभोक्ता ठगेको अभियोगमा सरकारले १० वर्षसम्म कैद र १३ करोड ८९ लाख ८ सय ६० रुपैयां बिगो दाबी गर्दै सोमवार काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको हो ।

सरकारले मुद्दा दायर गरेसंगै काठमाडौंको जडीबुटीस्थित केएल दुगडको गोदाम प्रमुख अमन जैन र स्वस्तिक आयल मोरडका प्रबन्धक प्रमोद अधिकारीलाई अदालतमा पेस गरेको छ । सञ्चालक दुगडसहित अन्य नौजनालाई भने फरार अभियुक्तका रूपमा पेस गरिएको अदालतले जनाएको छ । मुलुक नाकाबन्दीको मारमा परेको समयमा दुगड समूहले कालोबजारी गरेको प्रमाण फेला परेपछि गोदाममा छापा मारेर प्रहरीले थप अनुसन्धान अघि बढाएको थियो । तर, छापा मानुअगावै सञ्चालकहरू फरार भएका थिए । जडीबुटीको गोदाममा प्रहरीले छापा मारेलगत्तै दुगड ग्रुपका सञ्चालकहरू फरार भएका छन् । प्रहरीले फरार अभियुक्तलाई अदालतबाटै पक्राउ गरी कारवाहीको माग गरेको छ । अदालतका अनुसार सरकारले स्वस्तिकलगायतका खानेतेलमा कालोबजारी गरेको प्रमाण फेला परेपछि दुगड ग्रुपसंग ३ करोड ९२ लाख ८७ हजार ४ सय ४० रुपैयां बिगो दाबी गरेको छ । त्यसैगरी, उपभोक्तालाई ठगी गरेको भन्दै सोबापत अभियोग पत्रमा ९ करोड ९६ लाख १३ हजार ४ सय २० रुपैयां बिगो दाबी

गरेको काठमाडौं जिल्ला अदालतले जनाएको छ ।

प्रहरीको अनुसन्धानपछि सरकारले जिल्ला सरकारी वकिल कार्यालयमार्फत ठगी र कालोबजारीमा दुगड ग्रुपका किशनलाल दुगड, विकास दुगड, नरेश दुगड, कुमुद दुगड, धर्मचन्द्र दुगड, गौतम दुगडविरुद्ध मुद्दा दायर गरेको हो । त्यसैगरी, चन्द्रिकाप्रसाद कुशवाह, रमाकान्त तारिक र प्रदीपकुमार चाचानलाई पनि कालोबजारी र ठगी अभियोग मुद्दामा विपक्षी बनाइएको छ । खानेतेलमा कालोबजारी गरेको अभियोगमा प्रहरीले गत १७ मंसिरमा काठमाडौंको जडीबुटीस्थित केएल दुगडको गोदाममा छापा मारेको थियो । सो गोदामबाट तेव्वर बढी मूल्य तोकी बिक्रीका लागि बजारमा पठाउन लागिएका बिभिन्न ब्रान्डका चार ट्रक खानेतेल प्रहरीले बरामद गरेको थियो ।

प्रहरीले लामो अनुसन्धानपछि दायर गरेको मुद्दामा प्रतिलिटर १ सय २५ रुपैयां पर्ने खानेतेलको कृत्रिम अभाव सिर्जना गरी प्रतिलिटर ३ सय २० रुपैयांमा बिक्री गरिएकोलगायतका अभियोग छन् ।

(बाँकी पृष्ठ २ मा)

साढे दुई महिनापछि बल्ल प्राधिकरण छिरे ऊर्जामन्त्री

भीम गौतम/राजधानी
काठमाडौं, १३ पुस

नेपाल विद्युत् प्राधिकरणको ब्रिफिङ सुन्नका लागि सामान्यतयाः ऊर्जामन्त्री एक साताभित्रै विद्युत् प्राधिकरण पुग्ने चलन छ । तर, उपप्रधान एवं ऊर्जामन्त्री टोपबहादुर रायमाझी साढे दुई महिनापछि बल्ल प्राधिकरण छिरेका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीले एक वर्षभित्र लोडसेडिङ अन्त्य गर्ने घोषणा गरिरहेको र त्यसका लागि सबैभन्दा बढी सक्रिय हुनुपर्ने निकाय प्राधिकरणमा १

प्राधिकरणलाई तौलिन नै समय लाग्यो

कात्तिकमा नियुक्ति भएका ऊर्जामन्त्री रायमाझी बल्ल छिरेका हुन् ।

ऊर्जा मन्त्रालयका लागि छुट्टाउने बजेट र कार्यक्रममध्ये ८० प्रतिशत विद्युत् प्राधिकरणमार्फत नै सञ्चालन हुने भएकाले मन्त्रालयको मुख्य निकायको रूपमा प्राधिकरणलाई हेरिन्छ । पछिल्लो समयमा जलविद्युत् आयोजनाहरू बनाउनका लागि सहजीकरण गर्नुपर्ने र अभिभावकत्व ग्रहण गर्नुपर्ने ऊर्जा मन्त्रालय र कार्यान्वयन गर्नुपर्ने प्राधिकरणबिच देखिएको द्वन्द्वका कारण यस्तो अवस्था आएको हो । द्वन्द्वका कारण ऊर्जा मन्त्रालयलाई निर्माणाधीन जलविद्युत् आयोजनाहरू समयमै निर्माण, समस्यायस्त आयोजनाहरूको गांठो फुकाउने लगायतमा समस्यासमेत भएको थियो । मन्त्री नियुक्ति भएको झन्डै साढे दुई महिनासम्म विद्युत् प्राधिकरण सञ्चालक समितिको बैठकसमेत बस्न नसक्दा धेरै योजना अलपत्र परेका थिए । बल्ल शुक्रवार चार महिनापछि प्राधिकरण सञ्चालक समितिको बैठक बसेको थियो ।

'चरम ऊर्जा संकट भएका

बेला भटभट काम गरेर लोडसेडिङ न्यूनीकरणका लागि सक्रिय हुनुपर्ने बेलामा अनावश्यक विवादमा प्राधिकरणलाई पारेर मन्त्री साढे दुई महिनासम्म नआउनु ऊर्जा क्षेत्रकै लागि विडम्बना हो,' प्राधिकरणका एक अधिकारीले भने, 'ढिलो गरी आएर पनि मन्त्री रायमाझीले समस्यायग्रस्त एवं रोगी अवस्थामा पुगेको प्राधिकरणलाई प्राण भर्ने काम भने गरे ।'

(बाँकी पृष्ठ २ मा)

मधेस समस्या टुंगिने बिन्दुमा : प्रधानमन्त्री

२०७२ सालभित्रै भारत–चीन भ्रमण गर्ने जनाउ

राजधानी समाचारदाता
काठमाडौं, १३ पुस

प्रधानमन्त्री केपी शर्मा ओलीले मधेस समस्या टुंगिने बिन्दुमा पुग्ने लागेको खुलासा गरेका छन् । सोमबार सञ्चारकर्मीसँग कुरा गर्दै प्रधानमन्त्री ओलीले अबको केही समयभित्रै मधेसको समस्या समाधान हुने जनाउ दिएका हुन् ।

'छिट्टै परिस्थिमा सुधार आउंछ, हामीले सघन ढंगले छलफल र संवाद गरिरहेका छौं। राष्ट्रिय, अन्तर्राष्ट्रिय रूपमा छलफल अझै तीव्रताका साथ अघि बढ्छ । आन्दोलनरत पक्षले कुरा बुझ्दै गइरहेका छन् । अब सानो तहले बुझेको छैन, त्यसलाई पनि हामी बुझाउन लागेका छौं । अब छिट्टै मधेसको समस्या समाधान हुन्छ । सबै नभए पनि समस्याको मात्रा कामचलाउ भएर रहन्छ,' प्रधानमन्त्रीले भने। उनले संवादबाटै समस्याको समाधान गर्ने प्रतिबद्धता जनाउँदै जिम्मेवार भएर आउन आन्दोलनरत दलहरूलाई पुनः आग्रह गरे ।

'देश जटिल अवस्थामा भएको वेला छिछोरा राजनीति गर्नुहुँदैन । गम्भीर भएर प्रस्तुत हुनुपर्छ । आवेश, उत्तेजनामा आएर होइन, सबै पक्ष समस्या समाधानमा गम्भीरताका साथ प्रस्तुत हुनु जरुरी छ,' प्रधानमन्त्रीले भने, 'आवश्यकतानुसार प्रदेशको संख्या, नाम परिवर्तन हुन्छ, हाम्रोमा पनि हुन सक्छ ।'

प्रधानमन्त्रीले सरकार पूर्वाग्रहको आधारमा नचल्ने दावी पनि गरे । 'सरकार आग्रह–पूर्वाग्रहहीन छ । यसको निष्ठा देश, जनता र मानव हितप्रतिको हो। संविधान र लोकतान्त्रिक प्रणालीप्रति सरकार प्रतिबद्ध छ,' उनले भने, 'प्रधानमन्त्रीले शान्ति व्यवस्थामा खलल पुऱ्याउने, हिंसा मच्चाउंदा केही नहुने

कुरा लोकतन्त्रमा हुँदैन, लोकतन्त्र छ, जनताको सरकार छ। छिट्टै परिस्थितिमा सुधार आउंछ। सरकारले हिंसात्मक कार्य गर्ने र कानुन हातमा लिनेलाई छुट दिँदैन ।'

सीमांकनको विषयमा केही तत्त्व भ्रम फैलाउन लागिपरेको आरोप प्रधानमन्त्रीले लगाए । 'जनताको इच्छाअनुसार हुन्छ । सरकारले संविधानको पालना गर्छ। संविधानले जे सीमांकन गरेको छ, मैले त्यही भन्ने हो। भोलि सीमांकनमा वैधानिक ढंगले हेरफेर भए त्यही मान्छु। कसैको लहडवाजीमा मैले अरू कुरा गर्न मिल्दैन,' रिपोर्टर्स क्लबको ज्ञापन पत्र बुझेपछि प्रधानमन्त्रीले भने, 'एक इन्च पनि यताउता हुँदैन भनेर कसैले पनि आफ्नो कोठेवारी अएजस्तो कुरा गर्नुहुँदैन र त्यहांका जनताले टुक्राउंदा विकासमा प्रतिकूल असर पर्छ भन्ने तर वाहिरकोले आफ्नो कुरा मान्नुपर्छ भनेर निर्देशन दिने कुरा होइन ।'

प्रधानमन्त्री ओलीले आफू एउटा जाति र क्षेत्रको कुरा नगर्ने बताए । सरकारको आकार ठुलो हुनु बाध्यताको उपज भएको ओलीले बताए । 'दुई–तिन पार्टीको सरकार भएको भए यस्तो हुँदैन थियो । राष्ट्रिय सहमतिको सरकार गठन गरेर विकास गरौं भन्ने उद्देश्यलाई जसले साथ दिएन, त्यसले नै यो नयां परिस्थिति बनाएको हो । मुख्य सत्ता साझेदार दलकै कारण मन्त्रिमण्डल ठुलो बनाउनुपरेको हो । विगतमा संविधानसभा खेर गयो । सभासद् नै मन्त्री बन्ने भएकाले बढी बनाउँदैमा तनखामा फरक पर्दैन । थोत्रा क्याल्कुलेटरबाट साथीहरू अहिले हिसाब गरिरहनुभएको छ । केही मिलाउनुपरेको छ, अहिलेको परिस्थितिलाई ध्यानमा राखेर,' प्रधानमन्त्रीले भने। उनले जलविद्युतको क्षेत्रमा १ सय वर्षमा भएको भन्दा दोब्बर काम एक वर्षमा गर्ने दावी गरे। 'एक वर्षभित्र लोडसेडिङ समाप्त पार्छु। ८५ हजार मेघावाट उत्पादन क्षमता रहेको, संसारको दोस्रो धनी देशमा १ सय ४ वर्षमा ७ सय मेघावाट विद्युत् उत्पादन हुन्छ, ऊर्जा मन्त्रालय र विद्युत् प्राधिकरण के गर्छन् । म अर्को १ सय ४ वर्षको ढांचामा ७ सय मेघावाट बनाउने गरी काम गर्दिनं । १ सय ४ वर्षको कामभन्दा एक वर्षमा दोब्बर काम गर्छु,' प्रधानमन्त्रीले भने ।

प्रधानमन्त्री ओलीले २०७२ सालभित्रमै आफूले छिमेकी भारत र चीनको भ्रमण गर्ने योजना सुनाउँदै चीन र भारतमध्ये अनुकूल र स्वाभाविक हुने मुलुकको पहिलो भ्रमण गर्ने जानकारी दिए । 'भारत र चीन जहां गए पनि हुन्छ । कहां पहिला र पछि भन्ने नियम छैन । जहां अनुकूल र स्वाभाविक हुन्छ, त्यहां जाने हो । हाम्रो शत्रु कोही छैनन् । छिमेकीसंगको भित्रतावाहेक हामी अरू सोच्दैनौं । कसैका विरुद्ध कसैलाई प्रयोग गर्ने कुरा सोच्दैनौं,' प्रधानमन्त्रीले भने, 'हाम्रो धेरै ठुलो कारोवार भारतसंग छ । त्यसैले भारत–नेपालको सम्बन्धको गहिराइ पनि त्यस्तै छ । चीनसँग पनि राम्रो सम्बन्ध छ । पारस्परिक लाभ र सम्बन्धको आधारमा अघि बढाउन चाहन्छौं । हाम्रो भूमि कसैको विरुद्ध प्रयोग गर्न दिंदैनौं । एकको विरुद्ध अर्को प्रयोग गर्दैनौं । यस विषयलाई उचालेर वातावरण विगार्नुहुँदैन ।'

नेपालको संविधानलाई स्वागत गर्न नपर्ने कुनै कारण नरहेको भन्दै उनले दुनियांवाट संविधानको स्वागत र समर्थन प्राप्त भइसकेको दावी गरे । 'भारतमा केही अन्योलता थियो, संविधान संशोधन प्रक्रियामा भारतले पनि स्वागत गरिसकेको छ । अब यो संविधानलाई स्वागत नगर्ने विश्वमा कोही पनि छैन,' प्रधानमन्त्रीले भने ।

देश र जनहितका निम्ति राष्ट्रपतिबाट पशुपतिमा पूजा

पहिलो महिनाको तलब पशुपतिनाथमा अर्पण

राजधानी समाचारदाता
काठमाडौं, १३ पुस

देश र देशवासीको हितको कामना गर्दै राष्ट्रपति विद्यादेवी भण्डारीले पशुपतिनाथ मन्दिरमा विशेष पूजाआजा गरेकी छन् । उनले आफ्नो पहिलो महिनाको तलबस्वरूप १ लाख २१ हजारवरावर रकम पनि पशुपतिनाथमा अर्पण गरेकी छन् ।

'मुलुकलाई विभिन्न संकटवाट मुक्ति मिलोस्' भन्ने कामनासहित भण्डारीले सोमवार 'राष्ट्र कल्याणको संकल्पसहित विशेष पूजा गरेको' पशुपति क्षेत्र विकास कोषले जनाएको छ । राष्ट्रपति निर्वाचित भएपछि भण्डारी पहिलो पटक पशुपतिनाथमा पूजा एवं दर्शनका गएकी हुन् ।

पशुपतिनाथ मन्दिरमा राष्ट्रपतिबाट 'विशेष पूजा' भएको कोषका सदस्य सचिव डा. गोविन्द टण्डनले जानकारी दिए । उनका अनुसार राष्ट्रपतिको पशुपति दर्शनका लागि केही दिनअघि नै तयारी गरिएकी थियो ।

देशको पहिलो महिला राष्ट्रपति भण्डारीले आफ्नै इच्छाअनुसार पशुपतिनाथ मन्दिरमा पूजा गर्ने तयारी गरेकी थिइन् । नियम कानुनअनुसार राष्ट्रपति भएपछि पशुपतिनाथको पूजा गर्नैपर्ने वाध्यता नरहे पनि उहांले आफ्नै इच्छाअनुसार भगवान् पशुपतिनाथको पूजाको चाहना गर्नुभएको हो,' टण्डनले भने, 'सोमवार विहान ११ वजेभित्र राष्ट्रपतिले पूजा गर्नुभएको थियो ।'

मुलुकमा जारी नाकावन्दी, इन्धन अभाव, प्राकृतिक प्रकोप, राजनीतिक समस्यालगायतको संकटमुक्तिको कामना गर्दै राष्ट्रपति भण्डारीले राष्ट्र कल्याणको संकल्पले विशेष पूजा गरेकी हुन् ।

'राष्ट्रपतिले जल, पञ्चामृत, अर्घ्यसहित राष्ट्र कल्याणको कामनाका लागि संकल्प गरी विशेष पूजा गर्नुभयो,' कोषकी सदस्य शिला पन्तले भनिन्, 'पशुपतिनाथ मन्दिर परिक्रमा विधिअनुसार प्रवेश गरी मूल मन्दिर र वासुकीनाथ मन्दिरमा पनि विशेष पूजा भएको छ ।'

राष्ट्रपति भण्डारीलाई पशुपतिनाथ मन्दिर परिसरमा स्थानीयले झिमेवाजा एवं बांसुरी बादनले स्वागत गरेका थिए । सन्ध्या पुस्तकालय जयवाराेश्वरी, सिर्जनशील युवा क्लब, ज्याप्पु पुंच, धिमे खलः लगायतले सांस्कृतिक झांकी प्रस्तुत गरे ।

राष्ट्रपति भण्डारीले शेषनारायण, लालगणेश, उन्मुक्त भैरव र नवग्रह दर्शन गरी मूल र अन्य भट्टारा विशेष पूजा गरेकी थिइन् । तत्कालीन राजा गिर्वाणयुद्ध विक्रम शाहले राष्ट्रमा संकट आउंदा अन्तिम पटक यस प्रकारको कामनासहित पशुपतिनाथमा पूजा गरेको इतिहास छ ।

अघि बढ्यो संविधान संशोधन प्रक्रिया

राजधानी समाचारदाता
काठमाडौं, १३ पुस

संसद्मा टेबुल भएको दुई सातापछि संविधान संशोधन प्रक्रिया अघि बढेको छ ।

मधेसी दलसंग छलफल गरी सहमतिमै 'संशोधन प्रक्रिया अघि बढाउने' भन्दै कांग्रेसको आग्रहमा रोकिएको प्रक्रिया मधेसी दलसंग राम्रोसंग वार्ता नै नगरेपछि सभामुखसहित सत्ता पक्षको पहलमा संशोधन प्रक्रिया अघि बढेको हो ।

मधेसीसंग वार्ता गर्न भनेर दुई साता लम्बिएको कांग्रेसले सोमवारवाट भने संशोधन प्रक्रिया अघि बढाउन साथ दिएको छ ।

संसद्को सोमवार वसेको बैठकमा मधेसी मोर्चाले सभामुखअघिको वेलमा आएर नारावाजी गरिरहे पनि संशोधन विधेयकको वांकी काम अघि बढाइएको हो । 'नेपालको संविधान (पहिलो संशोधन) विधेयक २०७२ विचार गरियो' भन्ने प्रस्ताव वहुमतले स्वीकृत भएपछि सैद्धान्तिक छलफल सुरु भएको थियो ।

एमाले सांसद केशव वडालले संविधान संशोधन विधेयकले मधेसी जनताको माग सम्बोधन गर्ने वताए ।

एमाओवादी सांसद गौरीशंकर चौधरीले पनि संविधान संशोधन विधेयकले मधेसी र थारूको हकअधिकारलाई थप सुनिश्चित वनाएको जिकिर गरे । सैद्धान्तिक छलफल सकिएपछि ७२ घन्टा संशोधनको समय दिई संशोधन प्रक्रिया अघि बढाइनेछ ।

प्रस्ताव हेर्न दलीय सहमतिमा विशेष समिति गठनसहित विधेयक 'समितिमा पठाउने वा जायज संशोधन पारित गरेर सदनवाटै प्रक्रिया अघि बढाउने' भन्नेमध्ये एक निर्णय हुने संसद् सचिवालयले जनाएको छ ।

दुगुद सञ्चालकविरुद्ध...

प्रहरीले गोदाममा छापा मारी धारा ब्रान्डको खानेतेल दुई ट्रक, ज्ञान ब्रान्डको एक ट्रक र सन फुलावर एक ट्रक गरी चार ट्रक तेल नियन्त्रणमा लिएको थियो । ती सबै सामानमा उपभोक्ता ठग्ने योजनाका साथ गैरकानुनी ढांगले मूल्य स्टिकर टासिएको, समयमै वितरण नगरी कालोवजारी गर्ने नियतका साथ स्टक राख्नेलगायतका कार्य गरी संस्थागत अपराध गरेको प्रहरीको दावी छ । केंग्रल दुगड समूहले लामो समयदेंखि कालोवजारी गर्दै आएको तथ्यसमेत प्रहरीले फेला पारेको छ। कालोवजारी र ठगीमा कारवाही अघि वढाएपछि भारतमा वसेर रेंटिड मिलाइरहेका दुगड प्रुपका सञ्चालकहरूले अदालतलाई समेत प्रभाव पार्न खोजेका छन् । उनीहरूले आर्थिक प्रलोभनमा परी मुद्दा कमजोर वनाउन भन्दै काठमाडौंका प्रमुख जिल्ला अधिकारीको सरुवा गराइसकेका छन् भने काठमाडौं प्रहरी प्रमुख विक्रमसिंह थापालाई समेत सरुवा गर्ने योजना वनाएपछि असफल भएका थिए ।

सात दिनभित्र...

यस्तै, विभिन्न भण्डारण स्थलमा राहत सामग्री थुप्रिएको भए पनि पीडितलाई वितरण नभएको, न्यानो कपडा झापा र मोरङमा आएको लामो समय भए पनि पीडितसम्म नपुऱ्याइएको र विभुवन अन्तर्राष्ट्रिय विमानस्थलको गोदाममा भूकम्प प्रभावित क्षेत्रका लागि भनेर आएको औषधिसमेत नपठाइएको तत्काल सम्बन्धित क्षेत्रमा पठाउन आयोगले ध्यानाकर्षण गराएको हो । जिल्ला दैवी प्रकोप उद्धार समितिमार्फत तत्काल राहत वितरण गरेर त्यसको जानकारी दिन र अटेर गर्ने कर्मचारी तथा संयन्त्रलाई तत्काल विभागीय कारवाही गर्न आयोगले आग्रह गरेको छ ।

चिसोको कारण विरामी परेका र वढी समस्या भएका क्षेत्रमा मंगलवारभैंमै औषधिमुलो उपलब्ध गराउन आयोगले स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिएको छ । प्राथमिकतानुसार अति जोखिमपूर्ण स्थानको पहिचान गरी स्वास्थ्य मन्त्रालयले आवश्यक स्वास्थ्यकर्मी, औषधि र उपकरणसहितको आकस्मिक स्वास्थ्य टोली मंगलवारदेंखि नै सम्बन्धित स्थानमा पुग्ने गरी खटाउने प्रतिबद्धता जनाएको प्रकाशनको पुष्करले वताए । प्रकोपपीडित जनतालाई लामो समयसम्म प्रभावकारी रूपमा सम्बोधन गर्न नसक्नु सरकार र सरकारी निकायको कमजोरी रहेको आयोगको ठहर छ । छलफलमा आयोगले किन पीडितले राहत पाएनन् भनेर सचिवहरूलाई ऱ्याङ्ग्याकौरी परेको थियो । छलफलमा सहभागी मन्त्रालयका सचिवले आफूहरूलै तत्काल नै राहत वितरण प्रक्रिया अगाडि वढाउने प्रतिबद्धता जनाएका थिए । आयोगले अतिप्रभावित १४ र प्रभावित ३१ जिल्लामा राहत वितरण प्रक्रियाको स्थलगत अध्ययन, अनुगमन, निगरानी र छानविनसमेत गर्ने जनाएको छ ।

साढे दुई...

१७ दिनअघि प्राधिकरणको माओवादीनिकट कर्मचारी संगठनको अधिवेशनमा भने उनी प्राधिकरण परिसर पुगे तर छिरेनन् । प्राधिकरणको ब्रिफिङमा पुगेका मन्त्री रायमाझीले पनि प्राधिकरणको समस्यावारे तौलन ढिलाइ हुंदा दुई महिनापछि मात्र ब्रिफिङका लागि आएको वताए । 'फाइल अड्काएर नराख्नोस्, तौल जोख्दै राख्दै नगरोस्, तपाइँरू फटाफट काम गरोस्, अहिल्यार दुरुपयोग अनुसन्धान आयोगलगायतवाट समस्या आएमा म बेहोंछु' उनले भने, 'मलाई प्राधिकरणवारे तौलिन दुई महिना लाग्यो, यो ढिला भए पनि अब प्राधिकरण सुस्त गतिमा होइन, उड्नुपर्छ।' उनले भाषण, छलफल गर्ने, विश्लेषण गर्ने, योजना वनाउने काम विगतमा धेरै भए पनि अब कार्यान्वयन र प्रतिफल प्राप्तिमा केन्द्रित हुनुपर्ने वताउँदै परम्परागत ढरांमा जलविद्युत् क्षेत्रको विकास नहुने ठोकुवा गरे । '१ सय ४ वर्षे जलविद्युत् इतिहासमा हामीले ७ सय ५० मेगावाट मात्र उत्पादन गऱ्यौं, अब यो गतिले जलविद्युत् क्षेत्रको विकास हुन्न,' उनले भने, 'एक वर्षभित्र जनतालाई अनुभूति गर्ने गरी एक/दुई घन्टामा लोडसेडिङ मार्ने गरी र दुई वर्षमा जलविद्युत् उत्पादनमार्फत नै लोडसेडिङ अन्त्य गर्ने गरी अघि वढ्नुपर्छ।' तत्कालीन, अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना वनाएर ऊर्जा क्षेत्रमा सरकार अघि वढ्न लागेको उनको भनाइ थियो ।

ऊर्जा सचिव एवं विद्युत् प्राधिकरण सञ्चालक समितिका अध्यक्ष सुमनप्रसाद शर्माले मन्त्रालय र प्राधिकरणविचको अविश्वासको वातावरण अन्त्य भएको वताउँदै आयोजनाको सफल कार्यान्वयनका लागि व्यावसायिक क्षमतामा वृद्धि गर्नुपर्ने वताए । 'समस्या पहिचान गर्न सफल भएका छौं तर समाधानमा विफल छौं,' उनले भने । प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले मन्त्री र सचिवलाई प्राधिकरणवारे ब्रिफिङ गर्दै प्राधिकरणका २८ लाख ६० हजार ग्राहकमध्ये २७ लाख घरेलु ग्राहक रहेको जानकारी दिए । कार्यक्रममा विद्युत् प्राधिकरण कर्मचारी युनियन अध्यक्ष रामप्रसाद रिमाल, संघ अध्यक्ष जनार्दन भट्टराई, कल्याण परिषद् अध्यक्ष अमृतवहादुर खापुङ, संगठन अध्यक्ष खरोन्द्र शाही र राष्ट्रिय संगठन अध्यक्ष सीतारामं थापाले प्राधिकरणको हकहितमा लाग्न मन्त्रीलाई सुझाव दिएका थिए ।

तत्कालीन ऊर्जामन्त्री राधा ज्वालीलाई वर्खास्त गरेपछि ऊर्जामन्त्रीको समेत जिम्मेवारी सम्हालेका तत्कालीन उपप्रधान एवं गृहमन्त्री वामदेव गौतमको निर्देशनमा प्राधिकरणका कार्यकारी निर्देशक काफ्लेलाई कामबाट अलग्याएमा सरवा गरेपछि र त्यसलाई उनले अस्वीकार गरेपछि मन्त्रालय–प्राधिकरण द्वन्द्व बढेको थियो । काफ्लेले लेखेको पत्रसमेत मन्त्रालयले बुझ्न नमानेपछि बढेको द्वन्द्व रायमाझी ऊर्जामन्त्री वनेपछि पनि सम्बन्ध सुधिएको थिएन । यही कारण प्राधिकरणको काम ठप्पजस्तै थियो तर शुक्रवार वोर्ड वैठक वसेसरी गतिरोध अन्त्य भएको थियो । प्राधिकरणका कार्यकारी निर्देशक काफ्लेले सार्वजनिक रूपमै मन्त्रालयले नाकावन्दी गरेको आरोप लगाएका थिए तर वोर्ड वैठक वसेपछि र मन्त्री नै ब्रिफिङमा आएपछि भने मन्त्रालयको नाकावन्दी खुलेकाले काम सञ्चालन हुने भन्दै प्राधिकरणका कर्मचारीसमेत खुसी भएका छन् ।

साउदी अरेवियामा रोजगार

१. कम्पनी : HORIZON LOGISTICS EST. FOR CUSTOMS CLEARANCE शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/९/१२ चलानी नं. : ५८४५ LT. No. 147807

कामदारको पद			
१ Heavy Dirver	02	1800	50,688

२ कम्पनी : ARABIAN WESHAM GEN.CONTRACTING EST. शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/९/१२ चलानी नं. : ५८०७ LT. No. 147835

कामदारको पद			
१ Labour	01	800	22,528

- छनौट भई भिषा प्राप्त भै सकेको व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषा बापतको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ ।

SAHARA INTERNATIONAL PVT. LTD.
Kathmandu,Nepal, P.O.Box: 8975 EPC 2123,
Tel: +977-1-4113623, 4113624, Fax: +977-1-4113624,
E-mail:sahara_int121@hotmail.com, Web: www.saharamanpower.com
Govt. Lic. No. 121805/076

SAUDI ARABIA मा रोजगार

१. कम्पनी : ADEL MOH'D AL-KHURAIM CONT.EST. शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/९/१३ चलानी नं. : ५९६६ LT. No. 148441

कामदारको पद			
1 Plumber	01	1200	33,797
2 Painter	01	1200	33,797
3 Shuttering Carpenter	01	1200	33,797
4 Steel Fixer	01	1200	33,797
5 General Electrician	01	1200	33,797
6 General Supervisor	01	2000	56,320
7 Architecture Labour	11	900	25,344

२. कम्पनी : TAJ AL-AMAR CONSTRUCTIONS शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/९/१३ चलानी नं. : ५९६७ LT. No. 148441

कामदारको पद			
1 Employee	10	1000	28,160

३ कम्पनी : MOOQAM AL-SAFEER CONT EST. शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/९/१३ चलानी नं. : ५९६४ LT. No. 148262

कामदारको पद			
1 Labour	10	1000	28,160

४ कम्पनी : ZIYAD MANSUR AL-MOTEIRI CONT. EST. शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/९/१३ चलानी नं. : ५९६५ LT. No. 148261

कामदारको पद			
1 Heavy Dirver	02	1800	50,688

५ कम्पनी : AL-JABR TRADING COMPANY शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/९/१३ चलानी नं. : ५९६३ LT. No. 147803

कामदारको पद			
1 Driver	01	1800	50,688

६ कम्पनी : BR.HADER SALEH AL-KHALAF TRADING EST शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/९/१३ चलानी नं. : ५९६२ LT. No. 141468

कामदारको पद			
1 Clothings Ready	02	1500	42,240

Sterling Overseas Pvt. Ltd.
Govt. Lic. No. 681/063/064
Gangabu-05, Samakhusi, Kathmandu
Tel No: +977-1-4385673/ 4352123, Fax No. +977-1-4385674,
Email:info@sterling.com.np, sterlinggroup681@gmail.com,
sterlingoverseas681@gmail, Web: www.sterling.com.np

साउदी अरेवियामा रोजगार

१. कम्पनी : PROJECTS FURNITURE CO. शहर : ksa
पूर्व स्वीकृत मिति : २०७२/९/१३ चलानी नं. : ५९७१ LT. No. 145733

कामदारको पद			
1 Labour	03	1100	30,976

२ कम्पनी : GOUNA FOOD CO.LTD. MAKBOUS RESTAURANT शहर : ksa
पूर्व स्वीकृत मिति : २०७२/९/१३ चलानी नं. : ५९६९ LT. No. 148101

कामदारको पद			
1 Cleaning Labour	04	800	22,528
2 Hotel Labour	03	800	22,520

METTA INTERNATIONAL PVT. LTD.
Airport-09, Manpower Bazar, Kathmandu.
Tel : 4112976, 4112977, Fax: +977 1 4112978.
E-mail: info@mettain.com, mettainternational@gmail.com,
Web: www.mettaint.com
METTA INT' (P.) LTD.

साउदी अरेबीयामा रोजगार

१. कम्पनी : AYED SALEM ALSHAMMARI EST FOR TRANSPORTATION शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/९/१२ चलानी नं. : ५८०८ LT. No. 147841

कामदारको पद			
1 Public Vehicle Driver	02	1800	50,688

२ कम्पनी : HAMOUD JARTHAM AL-KHALIDI TRANSPORATION शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/९/१२ चलानी नं. : ५८०६ LT. No. 147830

कामदारको पद			
1 Truck Driver	03	1800	50,688

३ कम्पनी : HASSAN HAMZA AL-AGEEL TRD.EST. शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/९/१२ चलानी नं. : ५८०९ LT. No. 147844

कामदारको पद			
1 Loading & Unloading Labour	04	800	22,528

४ कम्पनी : ROYCE GLOBAL SYSTEMS TRADING & CONTRACTING CO. शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/९/१२ चलानी नं. : ५८०५ LT. No. 147838

कामदारको पद			
1 Labour	08	800	22,528

World Wide Employment Consultant (P.) Ltd.
Govt Lic No. : 127/055/065 | Tripureshwor, Ktm, Nepal
Telephone : 4257905, 4266768, 4218371
Fax : +977-1-4267079 | E-mail : wwpspa@hotmail.com

मधेस आन्दोलन अब चिया पसलबाट

तुलसी भण्डारी/राजधानी
बीरगन्ज, १३ पुस

सभा, सम्मेलन, जुलुस प्रदर्शन हुँदै सदन र नाका अवरोध गरिरहेको संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले आन्दोलनको स्वरूप परिवर्तन गरेको छ।

'चियापर मधेसको चर्चा' नाम दिएर सोमबारबाट मोर्चाका नेता कार्यकर्ताले आन्दोलनको स्वरूप परिवर्तन गरी चिया पसलसम्म पुऱ्याउन थस्तो गरेको जनाएका छन। चिया पसलमा अब बिनाअर्थको गफ भन्दा आन्दोलनको सकारात्मक र नकारात्मक दुवै पक्षको सुझाव संकलन गर्ने उद्देश्यले चियापर मधेसको चर्चा सुरु गरिएको संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा पर्साका प्रचारप्रसार संयोजक सलाउद्दिन अहमदले बताए।

पहिलो दिन चियापर मधेसको चर्चामा स्थानीयले आन्दोलन कहिलेसम्म ? एउटै मुद्दामा किन सबै मधेसवादी एक ठाउंमा उभिन नसकेको ? भनी मोर्चाका नेताहरूलाई प्रश्न गरेका थिए। यदि इमानदार प्रयास हो भने एक नेताले अर्को मधेसको नेताको सिकायत किन हुन्छ ? भनी त्यसो नगर्न सर्वसाधारणले सुझाव पनि दिएका थिए। 'सोमबारको चियापर मधेसको चर्चामा राज्य पुनःसंरचनामा साधनस्रोतको कुरा गौण छ, झापा, मोरङ र सुनसरीको कुरा गर्दा नारायणी नदीसम्मको कुरा किन जोडिँदैन ?' भनी स्वास्थ्यकर्मी फोरम नेपालका अध्यक्ष बालेश्वर यादवले मोर्चाका नेतालाई प्रश्न गरेका थिए।

बीरगन्जको नेसनल ट्रेनिङजिकै रहेको चिया पसलमा मोर्चाका नेता कार्यर्तासंग चियापर मधेसको चर्चा गर्दै स्थानीय।

सो क्रममा मोर्चाका एक घटक सद्भावना पार्टीका सहअध्यक्ष लक्ष्मणलाल कर्णले सर्वसाधारण र स्थानीय नेताकार्यकर्ताले दिएका सुझाव र जिज्ञासाको उत्तरी आफूले मात्रै नभई सबैले दिनुपर्ने बताए।

सो क्रममा उनले आगामी १५ पुससम्म समस्याको समाधानका लागि धैर्य गर्न उनले सबैलाई आग्रह गरे। आन्दोलनका नाममा कालोबजारी फस्टाएको स्वीकार गर्दै नेता कर्णले यस्ता कमीकमजोरी नदोहोऱ्याउने दावी गरे। उनले भने, 'आन्दोलन हाँक्नेले नै यस्तो गल्ती गरे आन्दोलन सकिन्छ।'

सरकारसंगको वार्ता टोलीका सदस्यसमेत रहेका कर्णले अन्तरिम संविधानमा मधेसीले पाएका ११ ओटा अधिकार नयाँ संविधानले खोसेकाले सो प्राप्तिका लागि मधेस आन्दोलन भएको बताए। गर्मीबाट जाडोसम्म चलेको आन्दोलन हतोत्साहित बनाउन बिभिन्न प्रपञ्च हुने भएकाले अधिकार प्राप्त नहुन्जेल वर्षौंसम्म आन्दोलन चल्न सक्ने बताए।

यता, संघीय समावेशी मधेसी गठबन्धनका एक घटक नेपाल सद्भावना पार्टीका अध्यक्ष अनिल झाले राज्य जिम्मेवार नभएकाले आन्दोलनको स्वरूप परिवर्तन गरी तेस्रो मोडलतर्फ लागेको बताए।

एम्बुलेन्स दुर्घटनामा तिनको मृत्यु

राजधानी संवाददाता
इलाम, १३ पुस

मेची राजमार्गको गोदक-४ स्थित घट्टानजिक सोमबार बिहान एम्बुलेन्स दुर्घटना हुँदा तिनको मृत्यु भएको छ।

धरानको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गराएर घर फर्किंने क्रममा पाँचथर एकतिन घर भई फिदिम वस्ने आनन्द अधिकारी, उनकी हजुरआमा रेणुका र फुपू नरीमाया चौहानको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। घटनामा विरामीका आफन्त टीकाराम अधिकारी र एम्बुलेन्स चालक गेहनाथ प्रसाई गम्भीर घाइते भएका छन्। उनीहरूको झापा बिर्तामोडस्थित वीएन्डसी अस्पतालमा उपचार भइरहेको इलामका प्रहरी निरीक्षक रद्र चुडालले जानकारी दिए।

धरानबाट उपचार गराएर बिर्तामोडसम्म आएका उनीहरूलाई पाँचथरबाट गएको मेपेच १७४७ नम्बरको जनमैत्री सेवा संस्था पाँचथरको एम्बुलेन्सले पाँचथर लैजाँदै थियो। बिहान साढे ४ बजेतिर राजमार्गबाट खसेर एम्बुलेन्स दुर्घटना भएको हो।

बलात्कारपछि महिलाको हत्या

राजधानी संवाददाता
उदयपुर, १३ पुस

रामपुर ठोक्सिला-८ घुम्नेकी एक अपांगता भएकी (बोल्न नसक्ने) महिलाको बलात्कारपछि हत्या गरिएको छ।

४० वर्षीया कृष्णकुमारी कटुवालको बलात्कारपछि हत्या भएको अवस्थामा आइतवार राति जंगलमा शव भेटिएको हो।

रामपुर ठोक्सिला गाविसस्थित कालीखोला सामुदायिक वन उपभोक्ता समूहको जंगलमा दाउरा काट्न गएकी कटुवालको बलात्कारपछि हत्या भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ।

उनको बलात्कारपछि ढुंगाले टाउकोमा हानेर हत्या गरिएको अवस्थामा शव भेटिएको इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलाले जनाइएको छ। दाउरा काट्न जंगल गएकी उनी घर नफर्किएपछि खोज्न जाँदा बीभत्स अवस्थामा हत्या गरिएको शव भेटिएको उनका आफन्त तिलक कटुवालले जानकारी दिए। हत्या गरेकी कटुवालको सामूहिक बलात्कारपछि हत्या भएको हुन सक्ने तिलकको भनाइ छ।

घटनाको अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रहरी नायब उपरीक्षक सुरेन्द्र गुरुङले जानकारी दिए।

मदरसाका बालबालिकालाई पनि खाजा

पार्वती पाण्डे/राजधानी
कपिलवस्तु, १३ पुस

मुस्लिम समुदायको विरोध र दबावपछि कपिलवस्तुका २८ ओटा धार्मिक विद्यालय (मदरसा) मा अध्ययनरत बालबालिकाले पनि विद्यालयमा खाजा खान पाउने भएका छन्।

नेपालको संविधानले मातृभाषामा शिक्षा लिन पाउने अधिकारको ग्यारेन्टी गरेअनुरूप धार्मिक रूपमा सञ्चालनमा आएका २८ ओटा विद्यालयले अन्य सामुदायिक विद्यालयका बालबालिकाले जस्तै खाजा खान पाउने भएका हुन्।

सरकारले सामुदायिक विद्यालयमा अध्ययन गर्ने प्राथमिक तहका बालबालिकालाई विद्यालय आउन आकर्षण गर्ने उद्देश्यले खाजा कार्यक्रम सञ्चालन गर्दै आएको छ।

यसै वर्षको १ पुसदेखि लागू हुने गरी कपिलवस्तुका २८ ओटा धार्मिक प्रकृतिका मदरसा र विद्यापीठ, गुम्बालाई जिल्ला शिक्षा कार्यालयले खाजाका लागि रकम निकासा गरेको छ। मुस्लिम समुदायका व्यक्तिहरूले ध्यानाकर्षण गराएपछि सरकारले हालै धार्मिक प्रकृतिका विद्यालयमा अध्ययन गर्ने बालबालिकालाई पनि खाजा दिने निर्णय गरेको हो।

योसँगै कपिलवस्तुका २४ ओटा मुस्लिम समुदायबाट सञ्चालित मदरसा र चार ओटा विद्यापीठ र गुम्बालाई खाजाबापतको रकम दिने निर्णय गरेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ।

जिल्लामा ९९ ओटा मदरसालाई सरकारले वार्षिक १ लाख ६८ हजार रुपैयाँ खाजास्वरूप एकमुष्ट रकम दिँदै आएको थियो। यीमध्ये २४ ओटालाई खाजा कार्यक्रमसमेत थप गरिएको कार्यालयले जानकारी दिएको छ।

पहिला १ लाख ६८ हजार रुपैयाँ रकम पाउने धार्मिक विद्यालयलाई यस वर्षदेखि खाजा कार्यक्रमबाट हटाइएको थियो।

निषेधाज्ञा थपियो

भैरहवा/रास- चाडपर्वको समयबाहेक भन्डै चार महिनादेखि रूपन्देही सदरमुकाम भैरहवा लगाउँदै आइरहेको निषेधाज्ञा फेरि थपिएको छ। जिल्ला प्रशासन कार्यालय रूपन्देहीले सोमबार एक विज्ञप्ति जारी गर्दै निषेधाज्ञा आगामी २० पुस साँझ ६ बजेसम्म कायम गरिएको जनाएको छ।

प्रशासनले पूर्वमा बसन्तपुर गाबिस बाइपास सडक, पश्चिममा गौतम बुद्ध बिमानस्थलको मायादेवी चोक, उत्तरमा भैरहवा विद्युत् प्राधिकारणको कार्यालय र दक्षिणमा बेलहिया भन्सार गेट दायांबायांसम्म निषेधित क्षेत्र तोकेको हो। यो क्षेत्रभित्र सभा, जुलुस, धर्नाजस्ता राजनीतिक कार्यक्रमहरू सञ्चालन गर्न रोक लगाइएको छ।

मोर्चा कार्यकर्ता र प्रहरीबिच झडप

१० वर्षीय बालक घाइते

कमलेश मण्डल/राजधानी
महोत्तरी, १३ पुस

सद्भावना पार्टी अध्यक्ष राजेन्द्र महतोमाथि विराटनगरको जोगबनी नाकामा प्रहरीले गरेको लाठीचार्जविरुद्ध सोमबार महोत्तरीको जलेश्वरमा प्रदर्शन भएको छ। मधेसी मोर्चाका नेता कार्यकर्ताले सदरमुकाम जलेश्वरमा प्रदर्शन गर्नुका साथै बजार बन्द गराएका छन्।

मोर्चाका नेता कार्यकर्ताले जिल्ला प्रशासन जाने बाटोमा हिमपाइप तेर्साएर सडक अवरुद्ध पारेपछि सो अवरोध खुलाउन आएका प्रहरी र प्रदर्शनकारीबिच ढुंगामुढा भएको हो। प्रहरी र प्रदर्शनकारीबिच ढुंगामुढा हुँदा सदरमुकाम जलेश्वरको अवस्था तनावग्रस्त बनेको थियो।

मोर्चाका कार्यकर्ताले अवरुद्ध बनाएको सडक।

जलेश्वरको महेन्द्र चोकमा भएको प्रहरी र प्रदर्शनकारीबिचको झडपका क्रममा विद्यालयबाट फर्किरहेका जलेश्वर-४ का १० वर्षीय बालक अमित चौधरी घाइते भएका छन्। उनको टाउको फुटेको र जलेश्वर अस्पतालमा उपचार भइरहेको उनका बुबा शिवचन्द्र चौधरीले बताए।

जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति, सरकारी वकिल कार्यालय, राष्ट्रिय अनुसन्धान, निर्वाचन कार्यालयलगायत मुख्य कार्यालय जाने बाटों कार्यालय समयमै मोर्चाका नेता कार्यकर्ताले अवरुद्ध पारेलगतै जिल्ला प्रहरी कार्यालय महोत्तरीबाट गएको प्रहरीले अवरोध हटाउन खोज्दा झडप हुन पुगेको हो।

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Central Regional Road Directorate
Division Road Office Kathmandu 2, Teku

Invitation for Bids

Tender Notice Number: 04-2071/72
First Date of Publication: 2072/09/14 (December 29, 2015)

1. Government of Nepal, Ministry of Physical Infrastructure and Transport, Department of Roads, Division Road Office Kathmandu 2, Teku invites sealed bids from registered eligible contractors for the construction of the following projects:

Contract No.	Name of the Projects	Estimate Amount Excluding VAT, NRs	Minimum required Average Annual Turnover of the best 3 years over last 10 years excluding VAT, NRs	Minimum required work experience of similar nature over last 10 years	Price of the bid document, NRs	Bid Security Amount, NRs
DROKTM2-3371474-2072/73-22(Re)	Construction and Improvement of Kathmandu Valley Urban Roads -Package 013	3,897,948.08	-	-	1,000.00	115,000.00
DROKTM2-3371474-2072/73-23(Re)	Construction and Improvement of Kathmandu Valley Urban Roads -Package 014	4,067,439.61	-	-	1,000.00	120,000.00
DROKTM2-3371653-2072/73-29	Periodic Maintenence of Khasibazar-Kirtipur-Machchhegaun-Tinthana Road	-	As per bidding data.	As per bidding data.	5,000.00	1,850,000.00
DROKTM2-3371653-2072/73-30	Periodic Maintenance of Thankot Chitlang Road and Balaju Banasthali Road	-	As per bidding data.	As per bidding data.	3,000.00	800,000.00
DROKTM2-3371653-2072/73-31	Specific Maintenence of Naagdhunga - Peeplamod Road	3,050,490.46	-	-	1,000.00	90,000.00
DROKTM2-3371653-2072/73-32	Specific Maintenence of Balaju - Nepaltar - Sanglabazar Road	3,220,158.98	-	-	1,000.00	95,000.00
DROKTM2-3371653-2072/73-33	Specific Maintenence of Tokha - Gurje Road	5,083,898.31	-	-	1,000.00	150,000.00
DROKTM2-3371474-2072/73-34	Supply of construction material for patch works in SRN/SURN Roads in Kathmandu.	1,694,735.25	-	-	1000.00	50,000.00
DROKTM2-3371474-2072/73-35	Construction and Improvement of Kathmandu Valley Urban Roads -Package 019	677,917.10	-	-	300.00	20,000.00

2. A complete set of bidding documents may be purchased from **Division Road Office Kathmandu 2, Tekuor District Treasury Controller Office, Tripureshwor,Kathmandu**by eligible Bidders upon the submission of a written application attaching duly attested copies of Bidder's registration, VAT registration and tax clearance certificate upto the last fiscal year and payment of a non-refundable fee as mentioned above **within office hours on or before January 12, 2016 for C.N. DROKTM2-3371474-2072-73-34 & 35 and January 27, 2016 for all remaining contracts.** ***For the purpose of bidders who choose to submit their bid electronically through e-procurement section of DoR's website http://www.dor.gov.np, the bidders may purchase the hard copy of bidding documents, or may choose to download the necessary part of bidding documents, prepare their bid and submit their electronic bids as specified in the instructions to the bidders. In case the bidder choose to download and submit bid electronically, the bidder shall be required to deposit the non-refundable fee as specified above in Revenue account as specified belowand electronic scanned copy (*.pdf format) of the bank deposit voucher shall also be submitted along with the electronic bid files.***
3. ***Information to deposit the fee of bidding document in Bank:***
   Name of Bank :RastriyaBanijyaBank, Teku, Kathmadnu.
   Office Code No. : 27-337-73
   Office Account no. : Ka.1.1.999
   Rajaswa (Revenue) ShirshakNo. 14227
4. Sealed Bids must be submitted to the office of **Division Road Office Kathmandu 2, Tekuat 12:00 hours** on or before **January 13, 2016 for C.N. DROKTM2-3371474-2072-73-34 & 35 and January 28, 2016 for all remaining contracts.**Documents received after this deadline shall not be accepted. Alternatively, Bidders may submit their bid electronically through e-procurement section in DOR website ***http://www.dor.gov.np as specified in the instructions to Bidders. Late bids will be rejected.***
5. Sealed Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 hours, January 13, 2016 for C.N. DROKTM2-3371474-2072-73-34 & 35 and January 28, 2016 for all remaining contracts** at the **office** of **Division Road Office Kathmandu 2, Teku.** Bid must be valid for the period of **45 days after bid opening for C.N. DROKTM2-3371474-2072-73-34 & 35 and 90 days after bid opening for all remaining contracts** and must be accompanied by the bid security which shall be valid for **30 days** beyond the bid validity period. The original bid bond guarantee letter should be issued in the name of the office by any Commercial (Banijya) Banks recognized by the Government of Nepal.
6. If bidder wishes to submit Bid Security in the form of cash, the cash should be deposited in **Deposit account no. 1700203, at RastriyaBanijya Bank, Teku, Kathmadnu**on the account of **District Treasury Controller Office, Tripureshwor, Kathmadnu on behalf of Division Road Office Kathmandu 2, Teku**and submitthe receipt of the deposited amount of cash along with the sealed bid.
7. Pre-bid meeting shall be held at the office of Division Road Office Kathmandu, Teku at 11:00 hrs, **January 18, 2016**.
8. If the last date of purchasing, pre-bid meeting, submission and opening falls on a government holiday then the next working day shall be considered the last day.
9. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.
10. Any amendment in this tender notice shall be pasted on the notice board of the client's office and DOR's e-procurement website.
11. **Above project is under the process of approval of annual/revised annual program and additional budget allocation.** The tenders might be cancelled if the annual/revised annual programs are not approved or if the additional budget is not allocated. In addition,**Division Road Office Kathmandu 2, Teku, Kathmandu** reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning any reason, whatsoever.

Division Chief



सम्पादकीय

गैरजिम्मेवार सांसद्

३ असोजमा नेपालको संविधान जारी भएपछि साबिक संविधानसभा स्वतः व्यवस्थापिका संसद्मा रूपान्तरित भयो। हामी यतिबेला त्यही रूपान्तरित संसद्मार्फत संसदीय अभ्यास गर्दै छौँ। यस्तो संसदीय अभ्यास जहाँ जनसरोकारका विषयमा कम र राजनीतिक एजेन्डामा बढी छलफल चल्छ। विगत चार महिनायताको हाम्रो संसदीय अभ्यास फर्केर हेर्दा आशाभन्दा बढी निराशा भेटिन्छ। यो जनताका लागि सुखद संयोग होइन। अझ पछिल्ला दिनमा गणपूरक संख्या नपुगेर संसद् बैठक स्थगित हुनु र दलहरू आफ्ना एजेन्डामा टसमस नहुँदा संसद् प्रभावहीन बन्नुजस्ता गतिविधि दुःखद यथार्थ हुन्।

संविधान जारी हुनुभन्दा केहीअघि मुलुकले विनाशकारी भूकम्प खेप्यो। हजारौँको ज्यान गयो, उत्ति नै संख्यामा धनमाल नष्ट भए। घरेलु राजनीतिक असन्तुष्टिबाट फैलिएको असन्तुष्टिले मुलुकलाई नाकाबन्दीसम्म पुऱ्यायो। अझै यो जारी छ। यस्तो विषम परिस्थितिमा मुलुक छ तर हाम्रो संसद् भने बहानाबाजीमै अल्मलिएको छ। गर्नुपर्ने कामहरू ('बिजनेस') भएर पनि बन्दी छ। बन्दी बनाइएको छ, राजनीतिक स्वार्थको। जननिर्वाचित थलो संसद् व्यक्तिगत असन्तुष्टि र केही स्वार्थ समूहको असन्तुष्टि पोख्ने थलो बनेका कारण भूकम्पपछिको पुनर्निर्माणले तीव्रता पाउन सकेको छैन। यतिसम्म कि रूपान्तरित व्यवस्थापिकाले राष्ट्रप्रमुख र राज्यका अंगका प्रमुखको नवनिर्वाचनबाहेक गर्व गर्न लायक एउटै काम गर्न सकेको छैन। ढिलो गरेर पारित भएको पुनर्निर्माणसम्बन्धी विधेयकलाई नै संसद्ले देखाउने हतियारका रूपमा प्रयोग गर्नुपर्ने अवस्था छ। विगत लामो समयदेखि संसद् बैठक विभिन्न बहानामा चलिरहेको छैन। सरकारले दिने कार्यसूचीमा बस्ने बैठकमा कोरम पुऱ्याउने र प्रस्ताव पारित गराउने दायित्व सत्तापक्षकै हो। तर, सत्तापक्षसमेत यो दायित्व निर्वाहमा चुकेको छ। संविधान संशोधन विधेयकमाथि सैद्धान्तिक छलफल गर्नेजस्तो महत्त्वपूर्ण बैठक कोरम नपुगेर स्थगित हुनुभन्दा लाजमर्दो विषय अरू केही हुन सक्दैन।

उपस्थित पुस्तिकामा हाजिर गर्ने तर बैठकमा नबस्नेजस्ता सांसद्का गैरजिम्मेवारीपनका कारण जजनसोकारका जल्दाबल्दा इस्यु छायामा परेका छन्। भत्ता बुझ्नु र बैठकमा नजानुलाई मात्र बहादुरी ठानियो। शीर्ष नेता संसद् बैठकमा जाँदैनन् तर महत्त्वपूर्ण निर्णय लिनेबेला शीर्ष नेताको सहमति लादिन्छ। यसले पनि संसद्को गरिमालाई घटाएको छ। संसदीय अभ्यासलाई जीवन्त राख्न मुख्य नेता नै पहिले सच्चिनुपर्छ। अनि दलका सांसद्मा जिम्मेवारीपन देखिनुपर्छ। कोरम नपुग्ने, राजनीतिक खिचातानीको बन्दी बनाइनेजस्ता कार्यले कहीँ पनि पुगिँदैन। जनताका जल्दाबल्दा इस्युमा खुलेर संसद्मै छलफल गर्ने वातावरण बनाउन विशेष गरी सरकार र सत्तापक्षीय दल नै लाग्नुपर्छ। हाल संसद् बैठक नचल्नुमा सत्तारूढ दलका प्रमुख सचेतक र सचेतकहरूको हेलचेक्र्याइँ देखिन्छ। उनीहरू नै बैठकमा अनुपस्थित भएपछि कसलाई दोषी मान्ने ? संविधान घोषणापछि ३ सयभन्दा बढी कानुन बनाउने अभिभारा बोकेको संसद् बैठकमा सरकारले नै कोरम पुऱ्याउने र प्रस्ताव पारित गराउने दायित्व लिनुपर्छ। यो दायित्व निर्वाहमा सत्तापक्ष चुक्नुहुँदैन।

निराशा उन्मुख वर्तमान

■ श्रीकान्त रेग्मी

मुलुकमा एकपछि अर्को गर्दै शृंखलाबद्ध रूपमा पीडादायी घटना हुँदै आएका छन्। नयाँ वर्षको प्रारम्भतिरै मुलुकले विनाशकारी भूकम्पको ताण्डव बेहोर्नुपऱ्यो। बल्लतल्ल नयाँ संविधान जारी गरियो, किन्तु, मधेसकेन्द्रित दलहरूले घोषित संविधानप्रति असन्तुष्टि जनाउँदै मधेस आन्दोलन सुरु गरे। त्यसैको समर्थनमा छिमेकी मुलुक भारतले नेपालविरुद्ध आर्थिक नाकाबन्दी गऱ्यो त्यसैको फलस्वरूप खाना पकाउने ग्याँस, इन्धन र औषधिलगायत अत्यावश्यक वस्तुहरूको अभावले गर्दा जनजीवन अवर्णनीय रूपमा कष्टकर बन्न पुगेको छ। केही दिनयतादेखि भने नाकाबन्दी केही खुकुलो भएको छ। मधेस आन्दोलन भने थामिन बाँकी छ। आन्दोलन कुनै न कुनै स्वरूपमा अद्यापि जारी छ। त्यसैले, आपूर्ति व्यवस्था पूर्णतः सहज हुन सकेको छैन र सर्वसाधारण जनताको दैनिकी कष्टप्रद नै छ। वास्तवमा भन्ने हो भने सामान्य जनता न्यूनतम आधारभूत आवश्यकताका वस्तुहरू उपभोग गर्नबाट पनि वञ्चित छन्। भारतीय नाकाबन्दीले गर्दा अत्यन्त कष्टकर दैनिकी बेहोर्दै आएका जनताले सडकमा हेर्दा सरकारविहीनताको अवस्था देख्ने गरेका छन्।

आन्दोलन, नाकाबन्दी, कालोबजारी, तस्करी र महँगीबाट अहिले मुलुक आक्रान्त छ। मुलुकमा एक थान सरकार छ र आफ्नो धुवाँधार भाषणमा जनताको नाम लिएर नथाक्ने तीन दर्जनभन्दा बढी मन्त्री छन् तर जनताको भने बेहाल छ। दैनिक ज्यालादारी गरी दुई छाकको जोहो गर्नुपर्ने परिवारका लागि साँझबिहान के खाऊँ ? को अवस्था छ। दुई छाक हातमुख जोर्न पनि असम्भवजस्तै भएको छ। जनताको मर्का बुझ्ने कोही छैनन्। सबै कुरा नियन्त्रणबाहिर पुगेका छन् भने हुन्छ। सर्वसाधारण जनताको अधिकांश समय दैनिक जीवनका आवश्यकता जुटाउनमै व्यय हुने गरेको छ। एकातिर मुलुकमा आयआर्जनका सीमित अवसर पनि यतिखेर खुम्चिएका छन् र जनताको क्रयशक्ति घटेको छ भने अर्कातिर तस्करी र कालोबजारी भने खुलेआम छ। समानान्तर अर्थ व्यवस्थाको आयतन निरन्तर विस्तार भइरहेको छ र यस्तो कार्यमा सत्तासीन दलकै कार्यकर्ताको व्यापक संलग्नता रहने गरेका सूचना आएका छन्। दैनिक उपभोग्य वस्तुको चरम अभाव र असाध्यै मूल्यवृद्धिले मुलुकमा हाहाकारको स्थिति छ। सरकार भने राष्ट्रवादको पाठ पढाउन तल्लीन छ। जनताले बेहोर्नुपरेको सास्ती कम गर्न गम्भीर पहल हुन सकेकै छैन। सरकारले नै कालोबजारीलाई संरक्षण दिने गरेको चर्चा चलेको छ।

अहिले हाकाहाकी तस्करी भइरहेको छ। धेरैले तस्करीबाट आफ्नो आर्थिक स्थिति सुदृढ तुल्याएका छन्। जोखिम मोलेर तस्करी गरी ल्याएको सामान मुनासिव माफिक नाफा लिएर बिक्री गर्ने कुरै भएन। नाकाबन्दीलाई तस्करीका लागि अवसरका रूपमा लिने वर्गले कालोबजारी गर्नु अस्वाभाविक हुँदैन, पनि। त्यसैले, तस्करीका साथै कालोबजारी मौलाएको छ। उद्योग वाणिज्य महासंघका पदाधिकारीले नै सिंगो अर्थतन्त्रलाई तस्करीबाट फिर्ता ल्याउन मुस्किल पर्ने गरी तस्करी उन्मुख रहेको अभिव्यक्ति सार्वजनिक गर्नुले त्यसको त्रासदी स्पष्ट हुन्छ। सरकारले स्थितिमा सुधार ल्याउन केही गर्न सकेको छैन, पर्यवेक्षकजस्तै बनेर बसेको छ। मन्त्रीहरू स्वयं अतिवादी र उग्र भाषण गर्छन्। जनजीवनलाई सहज तुल्याउनेतिर कसैको चासो छैन। तत्कालको संकट टार्न त्यस्तो कुनै कार्यक्रम देखिँदैन। 'जे पर्ला सो टर्ला' भन्ने मानसिकता राखेजस्तो बुझिन्छ। जनता भगवान् भरोसामा छन्। न खाना पकाउने ग्याँस उपलब्ध छ न विद्युत्को आपूर्ति भरपर्दो नै। बिजुली कुन बेला आउँछ, कुन बेला जान्छ, त्यसको कुनै ठेगान छैन। बिजुलीले आमउपभोक्तासँग लुकामारी खेलिरहन्छ। सामान्य जनता 'थाल खाऊँ कि भात खाऊँ'को अवस्थामा छन्। सरकार जनताका दैनन्दिन आवश्यकता सम्बोधन गर्न पनि चुकेको छ। मुलुकमा विद्यमान वर्तमान संकट व्यवस्थापन गर्न सरकारले तदारुकता देखाउनु जरुरी छ।

आमजनताले भोग्नुपरेको कष्टकर पीडालाई न सरकारले न आन्दोलनकारीले अनुभूत गर्न सकेका छन्। सर्वसाधारण जनताको हितप्रति दुवै पक्षमा संवेदनशीलताको अभाव देखिन्छ। मधेस आन्दोलनका क्रममा पछिल्ला दिनमा देखिएका अतिवादी संकेतहरू चिन्ताजनक छन्।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका नेताहरू वार्तामा फर्किएका छन्। मोर्चाले अगाडि सारेका माग सम्बोधन गर्न सरकारले गरेको निर्णयलाई सकारात्मक रूपमा भारतले स्वागत गरेपछि आफ्नो दह्रो आड खुस्केको अनुभव गरेकाले उनीहरू वार्तामा फर्केको स्पष्ट छ। आन्दोलनप्रति मधेसका जनतामा निराशा बढ्न थालेको पनि छ। सरकारले वार्ता र संवादबाट मधेसी मोर्चाका माग सम्बोधन गर्ने खुलस्त गरेको छ। आन्दोलनलाई छिटो टुंग्याउन सरकारसँग वार्तामार्फत निष्कर्षमा पुग्न भारतीय राजदूतबाट पनि मोर्चाका नेताहरूले मित्रवत परामर्श पाएका छन्। वार्ता र संवादबाट माग सम्बोधन गर्ने प्रतिबद्धता जनाएको सरकारले यसबीच मोर्चाका नेताहरूसँग खासै गम्भीर संवाद भने गरेकै छैन। बरु प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस मोर्चाका नेताहरूसँग संवादमा छ र विमति साँघुऱ्याउने प्रयत्न गरिरहेको छ। वास्तवमा अवस्था आशा र निराशाका बीचमा छ। न सरकारबाट वार्ता र संवादमार्फत समस्याको निकास खोज्ने विश्वसनीय पहल हुन्छ, न विकल्प खोज्ने कार्य नै। यतिबेलासम्म पनि वैकल्पिक व्यवस्था गर्न नसक्नु वास्तवमा सरकारको आपत्तिजनक व्यवहार हो। यसै कारणले गर्दा सरकारप्रति जनतामा आक्रोशको भावना चुलिएको छ।

जनताको दैनिक जीवनका अतिरिक्त स्वास्थ्य जस्ता क्षेत्र पनि नराम्ररी प्रभावित भएका छन्। नाकाबन्दीले निम्नवर्गीय जनताको जीवनचर्या अवर्णनीय छ। कालोबजार अहिले जनताको मुख्य आधार भएको छ। आपूर्ति प्रणाली नै कालाबजारियाले चलाएका छन्। निम्न आर्थिक अवस्थाका परिवारको हालत वास्तवमा दर्दनाक छ। नाकाबन्दीले सत्तासीनहरूलाई त्यति असर गरेको छैन, जति सामान्य जनतालाई प्रताडित गरेको छ। आमजनताले भोग्नुपरेको कष्टकर पीडालाई न सरकारले न आन्दोलनकारीले अनुभूत गर्न सकेका छन्। सर्वसाधारण जनताको हितप्रति दुवै पक्षमा संवेदनशीलताको अभाव देखिन्छ। मधेस आन्दोलनका क्रममा पछिल्ला दिनमा देखिएका अतिवादी संकेतहरू चिन्ताजनक छन्। आन्दोलनरत दलहरूले प्रदर्शनका क्रममा आफ्नो पकड गुमाएको स्पष्ट हुन्छ। विरोध प्रदर्शन नियन्त्रणबाहिर हुन पुगेको छ। प्रदर्शनकारीहरूले कसैको आदेश स्वीकारेका छैनन्। आन्दोलन भीडतन्त्रमा परिणत हुने खतरा टड्कारो देखिन्छ। त्यसैले, सरकार, प्रतिपक्ष र आन्दोलनकारी मधेसी मोर्चा गरी तीनै पक्षले आन्दोलनलाई अवतरण दिनु जरुरी छ। कुनै सन्देह छैन, मधेस समस्याको समाधान राजनीतिक तवरमै हुनुपर्दछ र पहल पनि राजनीतिक क्षेत्रबाटै। चार महिना लामो आन्दोलन र अत्यावश्यक वस्तुहरूको अभावले नेपाली जनताको जीवनलाई तहसनहस तुल्याएको यथार्थलाई सबैले मनन गर्नु जरुरी छ।

मधेस आन्दोलनका मागहरूमा वार्ताद्वारा सहमतिका बिन्दुहरू खोज्ने र समाधानको बाटो पहिल्याउने आफ्नो प्राथमिक दायित्वप्रति सरकार गम्भीर हुनु जरुरी छ। सरकारले वार्ताको अनुकूल वातावरण बनाउन र आफूप्रति विश्वसनीयता बढाउन त्यस्तो कुनै अर्थपूर्ण कार्य गरेकै छैन। जुहारी खेलेर दायित्व सम्पादन हुने होइन। जुहारी खेल्दा वार्ताको वातावरण झन् बिथोलिन्छ। वार्ताको वातावरण बिथोल्ने होइन, सम्भावना पहिल्याउने र हरसम्भव त्यसको उपयोग गर्ने हो। सरकार वार्ता र संवादका माध्यमबाट विद्यमान संकट निरूपण गर्न पर्याप्त गम्भीर दृष्टिगोचर हुँदैन। न आन्दोलन व्यवस्थापनमा सरकारले आफ्नो विशिष्ट क्षमता प्रदर्शन गर्न सकेकै छ। सरकारको रवैया 'हाँसको चाल न कुखुराको चाल' भने जस्तो छ। समस्या समाधानका लागि वार्ता अपरिहार्य छ। त्यसैले, वार्ताबाट समस्या समाधान गर्न वातावरण बिथोल्ने गतिविधिलाई प्रश्रय दिइनु हुँदैन। सरकार बिलकुल सकारात्मक मनस्थितिका साथ वार्तामा बस्नु जरुरी छ। संकटको समाधान पहिल्याउन दुवै पक्ष समान रूपमा लचिलो हुनुपर्दछ। संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा सुरुदेखि हालसम्म आफ्नो अडानमा कठोर देखिन्छ। सीमांकन हेरफेरमा मधेसी जनताको उति सरोकार नरहेको तथ्य मोर्चाका नेताहरूले आत्मसात गर्नु जरुरी छ। सबैले स्पष्टसँग नबुझी नहुने एउटा तथ्य के हो भने तनावपूर्ण स्थितिको निरन्तरता मुलुक र जनताको हितमा कदापि हुन सक्दैन।

आन्दोलन र नाकाबन्दीको कहरले जीवन बर्बाद भइरहेको छ। जनताको जीवनयात्रा यति कठिन बनेको छ कि पाइलापाइलामा अप्ठ्यारो नझेली नहुने अवस्था छ। जनताले कोही सहारा भेटेका छैनन्। नेतृत्ववर्गको गतिविधिलाई ध्यानमा राख्दा उनीहरू जनताका लागि नभएर सत्ता र शक्तिका लागि प्रतीत हुन्छन्। सबैजसो नेतामा सत्ता आशक्ति छ। नयाँ संविधान जारी भएसँगै मुलुकले नयाँ सरकार नपाएको होइन, किन्तु सरकारले अझै पनि सर्वसाधारण जनताका हितमा कुनै काम गर्न सकेको छैन। तीन दर्जनभन्दा बढी मन्त्री पुगिसक्दा पनि सरकारले पूर्णता पाउन बाँकी नै देखिन्छ। आपूर्ति व्यवस्था बेहाल छ। शान्ति सुव्यवस्थाको स्थिति नाजुक छ। सम्मानित सर्वोच्च अदालतको निर्णय कार्यान्वनयमा ल्याइँदैन। त्यसैले, मुलुकमा विधिको होइन, व्यक्तिको सर्वोच्चता कायम गर्न खोजिएको आभास हुन्छ। जनता भोकै मर्ने अवस्थामा पुगे पनि कसैले कुनै चासो र चिन्ता देखाउने गरेको पाइँदैन। संवेदनाहीनताको पराकाष्ठा भनेको यही हुनुपर्छ। मुलुक र जनताको बृहत्तर हितमा वास्तविक कार्य गर्न न कसैमा दृढ अठोट न गम्भीरता नै छ। सबैले कुराले बाघ बटार्छन्। शीर्ष पंक्तिका नेतामा केवल सत्तामा पुग्ने र सत्तामा पुगेपछि सत्ता कसरी टिकाउने भन्ने मात्र सोच देखिन्छ। त्यसैले, मुलुकको यस्तो हबिगत भएको हो।

जनताले नयाँ सरकारको कार्यकालको यति छोटो अवधिमै 'जुन जोगी आए पनि कानै चिरेका' उक्ति स्मरण गर्न थालेका छन्। मधेस आन्दोलनको समापन र आपूर्ति व्यवस्थाको सहजता, यी दुई कार्य यतिखेर सरकारको सर्वोपरि प्राथमिकताका विषय हुनु जरुरी छ। सरकारले देश र जनताको वास्तविक हितमा केही काम गर्ने लक्षण देखाउनै सकेको छैन। सरकार प्रमुख सत्ताका तानाबाना बुन्न व्यस्त रहने भएपछि यस्तो अवस्था स्वाभाविकै हुन्छ। गफ गरेका भरमा मुलुक र सत्ताका तानाबाना बुन्न व्यस्त रहने भएपछि यस्तो अवस्था स्वाभाविकै हुन्छ। गफ गरेका भरमा मुलुक र जनताको हित हुन किमार्थ सक्दैन। सत्तामा टिक्न जतिसुकै ठूलो मन्त्रिपरिषद् बनाउन पनि अघि सर्ने प्रधानमन्त्रीबाट मुलुक र जनताको हितका कामले प्राथमिकता पाउने कुरा पत्याउन पनि गाह्रो भएको छ। मन्त्रालय र मन्त्रीको संख्या अटाउनुपर्ने संविधानको मर्म प्रतिकूल मन्त्रालय थप गरिनु वास्तवमा संविधान कार्यान्वयनका क्रममा पहिलो गाँसमा ढुंगा भनेजस्तै हो। मुलुकको आवश्यकता भन्दा आफ्नो सरकार टिकाउने काममा विनाकुनै अध्ययन हचुवाका भरमा नयाँ मन्त्रालय खडा गरिनु गैरजिम्मेवारीको सूचक हो। भनिरहनु परोइन, मन्त्रालय थपिएपछि अर्बौं अर्ब रुपैयाँको प्रशासनिक कार्यभार बढ्ने छ। विकास खर्च बढाउन प्रशासनिक खर्च कटौटी गर्नेतिर कुनै रुचि देखिँदैन, अनि कसरी हुन्छ मुलुकको विकास ?

दल वा नेतृत्व विशेषको सर्वोपरितालाई अन्य दलहरूले स्विकार्ने कुरै हुँदैन। राजनीतिक दलहरू मुलुक र जनताको सर्वोपरि हितमा केन्द्रित हुनुपर्छ। राजनीतिक दल जतिसुकै सबल भए पनि सिंगो मुलुक कमजोर भएको अवस्थामा त्यसको केही अर्थ हुँदैन। त्यसैले नेतृत्ववर्गले आआफ्नो दलको सफलताका लागि होइन, मुलुकको सफलताका लागि सोच्नुपर्छ। राजनीतिक नारा, भाषण, खोक्रा आश्वासन, अर्थहीन प्रतिबद्धता र आन्दोलनको भारीले मुलुक अवतरणको अवस्थामा पुग्न नसक्ने तथ्य स्मरणीय छ।

मुलुकमा जस्तोसुकै युगान्तकारी परिवर्तन आए पनि जनता आफैं निरीह जीवन बाँच्न बाध्य छन्। निमुखा जनताको वास्तवमै दूरावस्था छ। सामान्य जनताले सरकारको उपस्थितिबोध गर्न सकेकै छैनन्, अभिभावकत्वको त कुरै छाडौं। जनताका नाममा जनताउपर अनाहकमा बोझ थप्ने अनुत्तरदायी र गैरजवाफदेहीपूर्ण कार्यहरू भइरहेका छन्। जनताको दुहाई दिँदै जनता मार्ने कार्य भइरहेको छ। जनताले अभाव, महँगी, कालोबजारी, चर्का नारा र खोक्रा आश्वासनमा सरकारको अनुहार देख्न पाएका छन्। समस्या सल्ट्याउन वा विकल्प व्यवस्था गर्न कूटनीतिक हिसाबले सरकार कर्मठ र सफल साबित हुन सकेको छैन। सरकारको अस्तित्व भाषण, प्रतिवद्धता, नारा, आश्वासन र कटाक्षमा मात्र सीमित छ। कष्टकर जनजीवनलाई सहज बनाउने कार्यमा भने सरकारले आफ्नो अस्तित्वबोध गराउन चुकेको छ। सरकारले आफ्नो विश्वसनीयता स्थापित गर्न जनजीवन सहज र सरल बनाउनेतिर ध्यान दिनुपर्छ। नयाँ संविधान कार्यान्वयन आफ्नो प्राथमिकता निर्धारण गर्ने वर्तमान सरकारले संविधानको मर्मविपरीत काम गर्नुहुँदैन।

राष्ट्रियताप्रति संवेदनशील राजा वीरेन्द्र

■ दीर्घराज प्रसाई

राजा वीरेन्द्र राजसिंहासनमा रहेको बेलादेखि नेपाललाई समृद्ध बनाउन विकासको मूल फुटाउने प्रतिबद्धता जाहेर गरेर सोहीअनुरूप नेपाल अधिराज्यभर आवश्यकताअनुसार उत्पादनमूलक कार्यक्रमहरू प्रारम्भ गराउन चौतर्फी निर्देशन दिँदै मुलुकका कुनाकुनासम्म भ्रमण गरेर चौतर्फी उत्सुकता जागाउने काम गरेका थिए। नेपालको तराई क्षेत्रमा अन्न उत्पादन, हिमाली क्षेत्रमा जडीबुटी, स्याउखेती, पशुपालनका लागि र पहाडी क्षेत्रलाई उन्नतशील बनाउन अनेकौं कार्यक्रम लागू गर्न सकिएको थियो। राजा वीरेन्द्रले पञ्चायत र पञ्चायती व्यवस्थाका विरोधीहरू सबैलाई समेटेर देशको विकासमा निरन्तरता दिने संकल्प गरेका थिए। राजा वीरेन्द्रले कहिले पनि नेपाली राष्ट्रियता विरुद्धमा सम्झौता गरेनन्। वीरेन्द्र एक देशभक्त प्रजातान्त्रिक विचारका सहपाठी भएकाले राष्ट्रिय सहमतिको विचार लिएर ०३३ पौषमा नेपाल फर्किएका बीपी कोइरालालाई राजदरबारमा झिकाएर सम्मानपूर्वक औषधि उपचारका लागि अमेरिका पठाउने काम गरेका थिए। बीपीको 'राष्ट्रिय मेलमिलापको नीति'लाई साकार बनाउन राजा वीरेन्द्रबाट ०३६ सालमा राष्ट्रिय जनमत संग्रहको घोषणा गरेर सबै पक्षलाई राष्ट्रिय राजनीतिमा समावेश गराउन खोजिएको थियो। बीपी कोइरालाको देहावसानपछि भारतको चर्को दबाबमा ०४६ सालको जनआन्दोलन भए तापनि वीरेन्द्रबाट बहुदलीय व्यवस्थाको पुनःस्थापना गरेर सहमतिको बाटो अवलम्बन गरेको थियो।

०४६ सालको जनआन्दोलन बिसर्जन भएपछि नेपाली कांग्रेसका तत्कालीन अध्यक्ष कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री बनेपछि उनले राजा, राष्ट्रवादीलगायत सबै पक्षका वामपन्थीलाई मिलाएर देशलाई सक्दो निकास दिने काम गरेका थिए। जनआन्दोलनको मार्गदर्शनअनुसार नयाँ संविधान बनाउनु अत्यावश्यक थियो। नयाँ संविधान नबनेसम्म पञ्चायती संविधानमा टेकेर ०४७ कार्तिक २३ गते नयाँ संविधान घोषणा भएको थियो। यस संविधानलाई नेपाली कांग्रेसलगायत सबै पार्टीका नेताहरूले विश्वको सर्वोत्कृष्ट संविधान भनेका थिए। ०४७ सालको अन्तरिम मन्त्रिपरिषद्ले जे जस्तो अवस्था खेपेर आमनिर्वाचन गराए तापनि निर्वाचित नेपाली कांग्रेसको सत्ताले राजनीतिक निकास दिन नसकेकाले नेपाल अधोगतिको बाटोमा फस्न पुग्यो। त्यसपछि माओवादी विद्रोह जन्मियो। कांग्रेस, एमाले, राप्रपा र सद्भावना पार्टीका कुशासनको विरुद्ध उठेको माओवादी विद्रोहलाई पछि भारतले प्रयोग गरेर नेपाललाई आफ्नो छातामुनि राख्ने धृष्टता स्वरूप राजनीतिक ध्रुवीकरणले उग्र रूप लियो। राजा वीरेन्द्रले पञ्चायतलाई प्रजातान्त्रीकरण गरेर त्यसको सुदृढीकरण गर्न चाहेका थिए।

राजा वीरेन्द्रले राष्ट्रिय राजनीतिलाई स्थिर रूप दिन नेपालमा राष्ट्रियता, राजतन्त्र र प्रजातन्त्रलाई सन्तुलन गरेर अगाडि बढाएर जान सकिन्छ भन्ने ध्येयबाट अभिप्रेरित भएकाले सबै राजनीतिक नेता राजा वीरेन्द्रप्रति विश्वस्त थिए। ०४७ सालपछिका नेताहरूमा राजा वीरेन्द्रले प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह र एमालेका अध्यक्ष मनमोहन अधिकारी र महासचिव मदन भण्डारीप्रति राम्रो समझदारी राख्ने गरेका थिए। बीपी कोइरालाको देहावसानपछि भारतको चर्को दबाबमा ०४६ सालको जनआन्दोलन भए तापनि राजा वीरेन्द्रकै सक्रियतामा आन्दोलनका नेताहरूसँग सहमति गरेर बहुदलीय व्यवस्थाको पुनःस्थापना गरेर सहमतिको बाटो अवलम्बन गरेका थिए। ०४५ मा भारतले नेपालप्रति अनिश्चितकालीन नाकाबन्दी गरेर भूपरिवेष्ठित राष्ट्रले पाउने अन्तर्राष्ट्रिय अधिकारबाट वञ्चित गराएको थियो। ०४६ को जनआन्दोलन सफल भइसकेपछि कांग्रेस र एमालेको विजयको स्वागत गर्दै भारतले नाकाबन्दी खोलेर नेपाललाई आफूले चाहेको जस्तो बनाउन खोजेको थियो। बहुदलीय प्रजातन्त्र स्थापना भइसकेपछि नेपाली कांग्रेसबाट नेतृत्व गरेका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको नेतृत्वको अन्तरिम मन्त्रिपरिषद्को समयमा भारतले आफ्नो हितका लागि सबै बन्दोबस्त मिलाउन सकेको थियो तापनि पछि भारतले गिरिजाप्रसाद कोइरालामार्फत नै नेपाललाई सिध्याउने षड्यन्त्र रच्न थालेको थियो। तर, राजा वीरेन्द्रको राष्ट्रियताप्रतिको दृढताले भारतले चाहेजस्तो भारतले गर्न सकेन।

बहुदलीय प्रजातन्त्र स्थापना भइसकेपछि नेपाली कांग्रेसबाट नेतृत्व गरेका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको नेतृत्वको अन्तरिम मन्त्रिपरिषद्को समयमा भारतले आफ्नो हितका लागि सबै बन्दोबस्त मिलाउन सकेको थियो तापनि पछि भारतले गिरिजाप्रसाद कोइरालामार्फत नै नेपाललाई सिध्याउने षड्यन्त्र रच्न थालेको थियो। तर, राजा वीरेन्द्रको राष्ट्रियताप्रतिको दृढताले भारतले चाहेजस्तो भारतले गर्न सकेन।

राष्ट्रियताका मामिलामा नेपालीहरू अत्यन्त सचेत छन्। नेपालको एकीकरण भएको बेलादेखि नै नेपाललाई दक्षिणतर्फबाट अनेकौं षड्यन्त्र अपनाएर थिचोमिचो गर्ने कार्य हुँदै आएका छन्। भौगोलिक र सांस्कृतिक हिसाबले हाम्रो देश भारतसँग नजिक छ र भारतीय जनता र नेपाली जनताबीच युगौंयुगदेखि सुमधुर सम्बन्ध कायम छ। भारतमा अंग्रेजहरूको दबदबा बढ्न लागेपछि हिमवत्खण्डको पनि मूल्य, मान्यता र पहिचान समाप्त गरिन लागेको अवस्थामा यस क्षेत्रमा एउटा सपूत पृथ्वीनारायण शाहको जन्म हुनु नेपालीहरूको भाग्य हो। पृथ्वीनारायण शाहले एकीकरण गरेर उनले दिव्य उपदेशमार्फत विभिन्न जातजाति, धर्म, वेशभूषामा विभाजित नेपालीहरूलाई एक नेपाली जातिमा परिणत गराएका थिए। त्यसैले त्यसबेलादेखि नेपालको राष्ट्रियता यसरी टपक्क फुलेको छ कि जसमा नेपाली संस्कृतिको सुवास विश्वभर फैलिएको छ। नेपाल सरहदभित्र अनेकौं जातिहरू मिलेर एक साझा सगोल रूपमा एकीकृत भएका छौं। हाम्रो देश सानो भए पनि यहाँ धेरैथरीका जाति छौं। यहाँ कुनै पनि एक जातिलाई होच्याएर र बिर्सेर नेपालको राष्ट्रियता अधुरो हुन जान्छ। हाम्रो देशमा विभिन्न जातिहरूको सम्झौताबाट साझा नेपालको सांस्कृतिक राष्ट्रियता बनेको छ। नेपालमा हिन्दू, वैदिक र बौद्धको समष्टिबाट नेपाली संस्कृतिको सिर्जना भएको छ। सहिष्णुता, सभ्यता र संस्कृतिको हिसाबमा हाम्रो संस्कृति उत्कृष्ट छ। हामी संस्कृतिका धनी छौं। हामी नेपालमा पचासौं मातृभाषा बोल्छौं, यी सम्पूर्ण मातृभाषालाई जीवित राख्न सम्पर्क भाषाको रूपमा नेपाली भाषा सबै जातिको साझा राष्ट्रभाषाको रूपमा स्थापित भएको हो।

नेपालका सबै जातिलाई नेपालको भौगोलिक, जातीय र सांस्कृतिक विविधताभित्रको मूलधारमा एकताबद्ध गराएर नेपालभित्रका सबै फूल समान रूपमा फुल्न पाउने अवधारणा पृथ्वीनारायण शाहको थियो। नेपालमा विभिन्न समुदायका बिचमा सहअस्तित्वको भावना लिएर हिँड्न सकिएन भने नेपालमाथि विदेशीको रजाइँ हुन्छ। प्रजातान्त्रिक मान्यताबाट मात्र नेपाललाई अगाडि बढाउन सकिन्छ भन्ने विश्वास उसबेलामा पृथ्वीनारायण शाहमा थियो।

राज्यको एकीकरणपछि आमजनता र थुप्रै साना राज्यको संरक्षण गर्ने पृथ्वीनारायण शाहको नीति थियो। ती क्षेत्रका धर्म, कर्म, परम्परा, रीति रिवाज यथावत राखेर सबै नेपालीको साझा सम्पत्तिको रूपमा परिणत गराएका थिए। ०५६ भन्दा अगाडि राजासँग सहकार्य गर्न माओवादीले प्रस्ताव राखेका हुन्। राजाबाट माओवादीसँग सहकार्य गर्ने अठोट नदेखेपछि माओवादी नेताले भारतको पक्षमा लागेर आफूहरू सुरक्षित बन्ने बाटो लिएर अरू आतंक मच्चाउन थालेका थिए।

स्मरण होस्, रानी ऐश्वर्यले तमिल विद्रोह चम्काउन ५ करोड दिएको झुटो कुरा इन्डिया टुडेमा छापिएको थियो भने राजीव गान्धी नमारिएका भए श्रीलंकामा तमिल उचालेर देशभक्त राजा वीरेन्द्रले गृहयुद्ध चम्काएको झुटो आरोप लगाएर भारतले नेपालको राजतन्त्रविरुद्ध खुलेर लाग्ने योजना बनाएको थियो। ती सबै षड्यन्त्रलाई वास्ता नगरेर राजा वीरेन्द्रले नेपाली जनताप्रति विश्वस्त बनेर नेपालको राष्ट्रियतालाई कतैबाट कमजोर बनाउन दिएनन्।

राष्ट्र निर्माता पृथ्वीनारायण शाहकै पालादेखि सबै जातिको संझौताबाट साझा नेपालको सांस्कृतिक राष्ट्रियता बनेको हो। यहाँ कुनै पनि एक जातिलाई होच्याएर नेपालको राष्ट्रियता अधुरो हुन्छ। अब यहाँ पिछडिएको जाति र क्षेत्रलाई समृद्ध बनाउन सम्पूर्ण शक्ति केन्द्रित हुन सक्नुपर्छ। भावनात्मक मात्र नभएर सक्रिय रूपमा नेपाल र नेपालीको पहिचान र प्रतिष्ठा बचाउन राजा वीरेन्द्र सधैं सचेत भएकाले विश्व राजनीतिक रंगमञ्चमा नै उनी लोकप्रिय थिए। नेपालको राष्ट्रियताका आधार स्तम्भ नेपाली भाषा, धर्म, संस्कृति, परम्परालाई सम्मान गरेर सारा नेपालीलाई एकसूत्रमा आबद्ध गर्न सफल स्वर्गीय राजा वीरेन्द्रलाई समग्र देशले सम्झिरहनेछ।

दक्षिण एसिया

आपसी विश्वासले मात्र सम्बन्ध सुदृढ बन्छ

काबुलबाट फर्किएपछि प्रधानमन्त्री नरेन्द्र मोदीको अप्रत्याशित रूपमा पाकिस्तानका प्रधानमन्त्री नावाज सरिफलाई बधाई दिनका लागि रोकिनुका कारण गएको कूटनीतिक सन्देशको सार्थक परिणाम के निस्केला, त्यो त समयले नै बताउनेछ तर यसमा घरेलु राजनीतिक प्रतिक्रिया विदेश नीतिमाथि राष्ट्रिय सहमतिको जनअपेक्षाबारे खरो उत्रिँदैन। दुवै देशले यस यात्रालाई अचानक तय भएको बताइरहेका छन्। सम्भव छ कि यो पूर्ण सत्य होइन तर यदि अवाञ्छित प्रतिक्रिया वा प्रचारबाट बच्नका लागि यसलाई गोप्य राखिएको हो भने त्यसमा के गलत भयो र ? यो सही हो कि भारतमा विदेश नीतिमाथि अक्सर रहेको राष्ट्रिय सहमतिलाई मध्यनजर गर्दै खासगरी पाकिस्तानसँग संवाद सम्बन्ध संवेदनशील मुद्दामाथि विपक्षलाई विश्वासमा लिने एउटा आदर्श स्थिति हुने छ तर अब राजनीतिका साथै कूटनीतिमा पनि आश्चर्य हुनु अनौठो भएन। यदि, रुसबाट फर्केपछि पूर्वनिर्धारित कार्यक्रमअनुसार काबुल गएका मोदीले ट्विटपछि जन्मदिनको बधाई दिनका लागि सरिफलाई फोन गरेर कुरैकुरामा मिलाएर बधाई दिने कार्यक्रम बन्यो तब यसमा केही छैन जेमा राजनीति गरिँदै छ।

यदि, दुई छिमेकी देशका प्रमुखमा व्यक्तिगतस्तरमा पनि समझदारी र आत्मीयता भएमा यसले भारत-पाकिस्ताबिचको जटिल सम्बन्धलाई सुधार गर्न सहयोग नै मिल्नेछ। यही कारण हो कि संवेदनशील जम्मु-कस्मिरका राजनेतादेखि लिएर पृथकतावादी र विश्व समुदायसम्मले यस अप्रत्याशित मोदी-सरिफ भेटघाटलाई स्वागत नै गरेका छन्। यसका लागि केही विपक्षी दल, खास गरी कांग्रेसद्वारा यस भेटमाथि प्रश्न उठाउनु ठीक होइन किनकि उसको शासनकालमा पनि पाकिस्तानको अविश्वासपूर्ण र भड्काउ आचरणलाई नजरअन्दाज गरेर ऊसँग संवाद सम्बन्ध सुधार गर्न पहल गरेको थियो। प्रस्ट छ, भाजपाद्वारा यस भेटलाई मोदीको 'मास्टर स्ट्रोक' बताउनु पनि परिपक्व राजनीति मानिँदैन।

यसका लागि पनि कि आफ्नो सपथ ग्रहण समारोहमा सरिफसमेत सबै छिमेकी देश (सार्क) का शासनाध्यक्षलाई आमन्त्रित गरेर मोदीले यस्तो कथित मास्टर स्ट्रोक चलाएका थिए तर पछि त्यसको अपेक्षित असर देखिएन। यसपछि न त पाकिस्तानसँग संवादको गाडी नै अगाडि बढ्यो, उल्टै नेपालजस्तो निकटतम छिमेकीसँग सम्बन्धमा पनि दरार आयो। प्रस्ट छ, कूटनीतिमा सचेत रहने कोसिस त गर्न सकिएला तर परिणाम तब हासिल हुनेछ जब आपको नीतिमा निरन्तरता हुन्छ। हो, पहिला उफा र पछि पेरिसमा मोदी-सरिफको भेटघाटबाट दुवै देशबिच समझदारी विकसित हुने संकेत अवश्य मिलेको छ। यो सुखद कुरो मान्न सकिन्छ तर पाकिस्तानको सत्ता प्रतिष्ठानको आन्तरिक समीकरण यसभन्दा धेरै विश्वास गर्न दिने छैन। भारतमा लोकतान्त्रिक निर्वाचित सरकार सर्वोपरि हुन्छ तर पाकिस्तानमा सरकारमाथि सेना हावी हुने गर्छ। यो भुल्नुहुँदैन कि कुन तरिकाले तत्कालीन प्रधानमन्त्री अटलविहारी वाजपेयीको लाहोर यात्राको मित्रताको निम्तो र यिनै नवाज सरिफको सकारात्मक जवाफबाट बनेको सौहार्दतालाई त्यसबेलाको पाक सेना प्रमुख जनरल परवेज मुसर्रफले कारगिल घुसपैठको नाममा लत्याइदिए। यसकारण दुवै छिमेकीका बीच संवाद र सम्बन्ध सुधारको प्रक्रिया निरन्तर चलिरहनुपर्छ तर वाञ्छित परिणाम तब मात्र निस्कन्छ जब सरिफले त्यहाँ सेना, आईएसआईसमेत राजनीति र समाजमा पनि विद्यमान भारतविरोधी शक्तिलाई सक्दो नियन्त्रण गर्न सक्नेछन्।

(भारतबाट प्रकाशन हुने 'दैनिक ट्रिब्युन'को सम्पादकीय)

यौनदासी विवाद टुंग्याउन जापान–कोरिया सहमत

जापानी प्रधानमन्त्रीद्वारा क्षमायाचना

एजेन्सी
सोल, १३ पुस

जापान र दक्षिण कोरियाबिच दोस्रो विश्वयुद्धको समयमा जापानले दक्षिण कोरियाली महिलाहरूलाई यौनदासी बनाएको सम्बन्धी विषयलाई हल गर्न सहमत भएका छन् ।

सन् १९६५ पछि पहिलो पटक दुई देशबिच लामो समयदेखि विवादास्पद रहेको सो विषय समाधान गर्न सहमत भएका हुन् ।

जापानी विदेशमन्त्री फुमियो किशिदा हाल सोल भ्रमणमा रहेका वेला कोरियन समकक्षी युन बाई युङ सीसँगको भेटपछि सो सहमति भएको हो ।सहमतिसँगै जापानले क्षमायाचना गर्नाका साथै कोरियाको मागअनुसार नै करिब ८ करोड डलर पीडितहरूको क्षोषका लागि उपलब्ध गराउने भएको छ। सहमतिमा दुई देशबिच अन्तर्राष्ट्रियस्तरमा पनि एक अर्काको आलोचना नगर्ने पनि सहमति भएको अधिकारीहरूले बताएका छन् ।

क्षतिपूर्तिस्वरूप उपलब्ध गराइने रकम पीडित महिलाहरूले प्रत्यक्ष पाउनेमा भने प्रस्ट छैन । तर, सहमतिमा सो रकम सहयोग र पीडितहरूको सम्मानपूर्ण जीवनयापन र मनौवैज्ञानिक उपचार परीयोजनाका लागि उपलब्ध गराइने उल्लेख छ। पीडित महिलामध्येकी एक ८८ वर्षीय लि योङ सोले पीडितहरूको भावनालाई मनमा राखेर दुवै पक्ष सहमत भएका हुन् भने आफू धेरै नै खुसी भएको बताइन् । उनले साँच्चै नै जापानले क्षतिपूर्तिको प्रतिवद्धता पनि जनाएको हो भने सो प्रत्यक्ष सरकारको क्षतिपूर्तिस्वरूप आउनुपर्ने बताइन् ।

यसै वर्षको सुरुमा दक्षिण कोरियन राष्ट्रपतिले यौनदासीसम्बन्धी समस्या दुई

देशबिच कूटनीतिक सम्बन्ध स्थापना भएको ५०औं वर्षगाँठका अवसरमा यसै वर्षको अन्त्यसम्ममा हल गर्न आग्रह गरेकी थिइन् ।

दुई देशबिच सहमति गराउन लागिपरेका वार्ताकार धेरै अवरोधहरू पार गर्दै निष्कर्षमा पुगेका हुन् । जसमा सहमतिमा प्रयोग भएका शब्ददेखि क्षतिपूर्ति पनि केवल १० करोड येन मात्र उपलब्ध गराउने अड्डान रहेको थियो ।

सन् १९६५मा दुई देशबिच कूटनीतिक सम्बन्ध स्थापना भएको समयदेखि जापानले कोरियालाई आर्थिक र ऋण सहयोग गरी ९० करोड सहयोग उपलब्ध गराइसकेको बताउँदै आएको छ। सन् १९९५मा पनि पीडितका लागि जापानको निजी क्षेत्रवाट चन्दावाट संकलित रकमवाट कोषको व्यवस्था गरिएको थियो । सो रकम कति थियो भन्ने खुलासा नगरिएको भए पनि उक्त रकम एक दशकमा सकिएको पनि बताइएको छ । यौनदासीका विषयमा कोरियाले जापानसमक्ष क्षमायाचना गर्नुपर्ने र क्षतिपूर्तिको माग गर्दै आएको थियो । सो विषय जापान र दक्षिण कोरियाबिच विगत लामो समयदेखि विवादास्पद विषयका रूपमा रहेको थियो ।

अधिकारीहरूका अनुसार ठूलो संख्यामा यौनदासी बनाइएका कोरियन महिलामध्ये केवल ४६ महिला मात्र जीवित रहेका बताइएको छ । दोस्रो विश्वयुद्धताका जापानी सेनाले करिव २ लाख महिलालाई यौनदासी बनाएको अनुमान गरिएको छ जसमा धेरैजसो कोरियन महिला रहेका थिए भने अन्य महिलामा चीन, फिलिपिन्स, इन्डोनेसिया र ताइवानका रहेको बताइएको छ ।

प्रधानमन्त्री अबेद्वारा क्षमायाचना

जापानी प्रधानमन्त्री सिन्जो अवेले दोस्रो विश्वयुद्धमा जापानी सेनाले दक्षिण कोरियाका महिलालाई गरेको भनिएको यौन दासत्वका विषयमा क्षमायाचना गरेका छन् ।

दक्षिण कोरियाको राजधानी सोलमा जापानी र दक्षिण कोरियाली विदेशमन्त्रीद्वारा गरिएको संयुक्त पत्रकार सम्मेलनका क्रममा जापानी विदेशमन्त्री किशिदा प्रधानमन्त्रीको सन्देश पढेर सुनाउँदै सो जानकारी दिएका हुन् ।

नेहरूको विदेश नीतिप्रति कंग्रेसको आलोचना

एजेन्सी
नयाँ दिल्ली

भारतको प्रमुख विपक्षी कंग्रेसले त्यहाँका प्रथम प्रधानमन्त्री जहवारलाल नेहरूको विदेशनीतिलाई लिएर कडा आलोचना गरेको छ । कंग्रेसले गरेको एक समसामयिक प्रकाशनमा नेहरूको विदेश नीतिको आलोचना गरेको हो ।

'कंग्रेस दर्शन' मा कश्मिर, चीन र तिब्बतमा भएको उनको कदममा नेहर डगमगाएको उल्लेख छ। नेहरू कंग्रेस पार्टी नेता र अहिले कंग्रेस उपाध्यक्ष राहुल गान्धीका जिजुवा हुन् ।

सो प्रकाशनका सम्पादक सञ्जय निरुपामले सो लेखपति क्षमायाना गर्दै सो विषयमा छानविन गर्ने बताएका छन् । पार्टीका वरिष्ठ नेता समेत रहेका निरुपामले भारतको समाचार संस्था इन्डियन एक्सप्रेसलाई भने, 'म यस म्यागेजिनको दैनिक कामकाजप्रति संलग्न छैन र सो लेखका विषयमा

अनविज्ञ छु ।'

'म पनि सो लेखप्रति सहमत छैन । कुनै श्रोतलाई उल्लेख गरेर लेखेको जस्तो देखिन्छ, तर सो आलेखका लेखकवारे मलाई नै जानकारी छैन,' उनले थपे ।

गल्ती गर्ने सम्पादकीय समूहका व्यक्तिलाई कारवाही गर्ने समेत निरुपामले वताए । भारतीय स्वतन्त्राता संग्रामका नेहरुले मुख्य भूमिका निभाएका थिए । उनी सन् १९४७ मा भारतको पहिलो प्रधानमन्त्री भएका थिए । नेहरुको नेतृत्वमा सन् १९४१/४२ मा भारतमा भएको पहिलो आम निर्वाचनमा कंग्रेसले वहुमत ल्याएको थियो । भारतीय स्वतन्त्रताका प्रारम्भिक कालमा भारतको आन्तरिक र वाह्य नीति नेहरुको विचारमा आधारित थियो ।

प्रकाशनको पछिल्लो हिन्दी सस्करणमा नेहरुले उपप्रधानमन्त्री भल्लभभाई पट्टेलको विदेश नीतिलाई अनुशरण गर्नुपरेको उल्लेख छ । भारतका विभिन्न ठूला राज्यहरुलाई एकिकरणको श्रेय समेत पाएका स्वतन्त्रताका नायक पट्टेल भारतका प्रथम गृहमन्त्री थिए ।

'विदेशमन्त्रालयको समेत जिम्मेवारी नेहरुले सम्भाहले पनि उप प्रधानमन्त्रीका हैसियले मन्त्रीपरिषदको विदेश मामिलासम्बन्धी वैठकमा उपप्रधानमन्त्री पट्टेल वैठकमा सहभागी हुन्थे । कश्मिरका विषयमा पट्टेलको दूरदृष्टिलाई मनन गरेको भएको अहिलेको समस्या उत्पन्न हुने थिएन,' कंग्रेस दर्शनमा लेखिएको छ । 'जहाँ सम्म कश्मिरको सवाल छ नेहर दोषी थिए । तर, सत्य यो हो की कश्मिरका विषयमा जनमत संग्रह गर्न र सो मुद्दालाई राष्ट्रसंघमा पुऱ्याउन विषयमा पट्टेल दुखी थिए ।'

स्वतन्त्राकाे समयमा विवादास्पद भएको कश्मिर राज्यलाई लिएर सन् १९४७ को अक्टोवरमा नेहरुले पाकिस्तानसंग द्वन्द्वको सामना गर्नुपरेको थियो । भारतीय दावीलाई समर्थन गर्दै नेहरुले कश्मिरमा सेना पठाएका थिए । राष्ट्रसंघको अगुवाईमा युद्धविराम भए पनि कश्मिरमा अहिलेसम्म अशान्ती देखिन्छ ।

तिब्बतलाई हेर्न चीनको नीतिलाई लिएर सन् १९५० मा पट्टेलले लेखेको बताइएको एक पत्रलाई पनि सो लेखमा उद्त गरिएको छ । पट्टेलले चीनलाई अविश्वासिलो र भारतको भावी शत्रुको रुपमा चित्रण गरेका थिए ।

आँधीबाट अमेरिकामा ४० बढीको मृत्यु

अमेरिका/एजेन्सी– अमेरिकाको दक्षिण र पश्चिम क्षेत्रस्थित राज्यमा आएको आँधी र वाढीवाट मृत्यु हुने व्यक्तिको सङ्ख्या ४३ भन्दा वढी पुगेको जनाइएको छ ।

सरकारी अधिकारीका अनुसार आँधीले टेक्सासमा कम्तीमा ११ जना व्यक्तिको मृत्यु भएको छ। प्रतिघन्टा कम्तीमा पनि ३ सय किलोमिटरको वेगमा सो आँधी आएको समाचारमा बताइएको छ ।

घटनामा मारिएकामा धेरैजसो आँधीका कारण सडक दुर्घटनामा परेर मारिएका जनाइएको छ । यो आँधी र वाढीमा परी कम्तीमा ४० जना घाइते भएका पनि अधिकारीहरूले पुष्टि गरेका छन् ।

आँधीका कारण आएको वाढी, टोर्नाडो नामक आँधी र अहिले आएको हिउँका कारण सैयौं घर, व्यापार र यातायात सञ्जाल नष्ट भएको पनि अधिकारीहरूले जनाएका छन् ।

त्याहाको राष्ट्रिय मौसम सेवाले टेक्सास, अर्कान्सास, लुजियाना, ओक्लाहोमा र मिसिसिपी क्षेत्रमा टोर्नाडो आउन सक्ने चेतावनी दिएको छ ।

सो चेतावनी सगै मिसौरी, ओक्लाहोमा र न्यु मेक्सिकोका गभर्नर हरूले आपत्कालीन अवस्थाको घोषणा गरेका छन ।

खराब मौसमका कारण करिव १५ सय उडानहरू रद्द गरिएका छन् जसमा आधाजसो अमेरिकाको एक मुख्य उडानका रूपमा रहेको डालसको रहेका छन् ।

साउदी अरेबीयामा रोजगार

1. WASAN SAEED ALAMRI DRESS LAUNDRY — शहर : KSA

पूर्व स्वीकृत मिति : २०७२/०९/१२ — चालानी नं. : ५८७१ — LT. No. 144637

क्र.सं.	कामदारको पद	खाली संख्या पुरुष	महिला	OR	मासिक तलब SR	नेट	अन्य सुविधा	भिसा शुल्क	कार्ड फापटा	कार्ड दिन	भिसा	भिसा शुल्क	जम्मा अवधि
1	laundering & ironing worker	01		1100	30,976		कम्पनीको जिम्मावाला	कम्पनीको जिम्मावाला	८ घण्टा	६ दिन		छ	छ

स्वदेशमा सरिने कि मेडिकल बुझ कम्पनी गर्ने र अति लाग्ने	गोरखा कम्पनीले मेडिकल बुझ दिने, गोरिने	स्वदेशमा गरिने भिसा बुझ कम्पनी लाग्दोले र अति लाग्ने	गोरखाबाट भिसा बुझ हुने, यहाँ र कम्पनी लाग्दोले	हुने गोरखार छाता कम्पनीले	हवाई टिकट कम्पनी दिने र अति लाग्ने	भिसा शुल्क कम्पनी दिने र अति लाग्ने	सेवा शुल्क
कामदार आफै	दिने	कामदार आफै			निःशुल्क	निःशुल्क	१०००००

नेपालमा रोजगार सिफारिसका लागिपर्ने कागजातहरू : १. आफ्नो नागरिक भिसा छाप भएको राहदानी निर्दिष्टपत्र आफ्नोसँग भएमा कम्पनीबाट माई रकम बुझाउनु हुनेछ । बुझाउनुभएको रकमको औपचारिक निस्सा लिनु । २. आफू काम गर्न जाने मुलुकमा गरेको रोजगारी सुरक्षितको सम्बन्धमा उल्लेख र फोन नम्बरसहित कामका लाइसेन्स । आफू अघिल्लोपटक गएको भन्ने कागजात माग्नुहोला । आफू अघिल्लोपटक गएको भन्ने कागजात नभएमा र अघिल्लोपटक गएको भन्ने कागजात हराएमा वा फाटेमा पुनःकाम गर्न जाने मुलुकको श्रम विभागबाट अनुमति लिनुपर्ने । ४. यस विज्ञापन बमोजमका सेवा वेही पुनःमुलुकमा काम गरा गोरखार छाताबाट विभाग, कार्यालयका सम्पर्क गर्नुहोला ।

Synnet International Pvt. Ltd. Renewing License No. 2867/069 — सिनेट ईन्टरनेशनल प्रा.लि.

पोष्ट बक्स नं. १७३०, कुपण्डोल, ललितपुर
फोन.: ०१७७ १ ५५२५०७१, ५५२५२०५, फ्याक्स नं.: ०१७७ १ ५५४७४१३,
ईमेल: info@synnet206.com, वेवसाइट : www.synnetintl.com

QATAR मा रोजगार

१. कम्पनी : GULF ZONE ENGINEERING — शहर : Doha

पूर्व स्वीकृत मिति : २०७२/९/१२ — चालानी नं. : ५८३१ — LT. No. 146643

क्र.सं.	कामदारको पद	खाली संख्या पुरुष	महिला	OR	मासिक तलब नेट	अन्य सुविधा	भिसा शुल्क	कार्ड फापटा	कार्ड दिन	भिसा	भिसा शुल्क	जम्मा अवधि
1	Carpenter	25	0	1100	31,900	कम्पनीबाट	कम्पनीको जिम्मावाला	८ घण्टा	६ दिन		छ	छ
2	Supervisor	05	0	3500	101500							
3	Mason	30	0	1100	31,900							
4	Driver	04	0	1400	40,600							
5	Labour	45	0	900	26,100							
6	Steel Fixer	15	0	1100	31,900							

स्वदेशमा सरिने कि मेडिकल बुझ कम्पनी गर्ने र अति लाग्ने	गोरखा कम्पनीले मेडिकल बुझ दिने, गोरिने	स्वदेशमा गरिने भिसा बुझ कम्पनी लाग्दोले र अति लाग्ने	गोरखाबाट भिसा बुझ हुने, यहाँ र कम्पनी लाग्दोले	हुने गोरखार छाता कम्पनीले	हवाई टिकट कम्पनी दिने र अति लाग्ने	भिसा शुल्क कम्पनी दिने र अति लाग्ने	सेवा शुल्क
कामदार आफै	दिने	कामदार आफै			निःशुल्क	निःशुल्क	कम्पनीले दिने

नेपालमा रोजगार सिफारिसका लागिपर्ने कागजातहरू : १. आफ्नो नागरिक भिसा छाप भएको राहदानी निर्दिष्टपत्र आफ्नोसँग भएमा कम्पनीबाट माई रकम बुझाउनु हुनेछ । बुझाउनुभएको रकमको औपचारिक निस्सा लिनु । २. आफू काम गर्न जाने मुलुकमा गरेको रोजगारी सुरक्षितको सम्बन्धमा उल्लेख र फोन नम्बरसहित कामका लाइसेन्स । आफू अघिल्लोपटक गएको भन्ने कागजात माग्नुहोला । आफू अघिल्लोपटक गएको भन्ने कागजात नभएमा र अघिल्लोपटक गएको भन्ने कागजात हराएमा वा फाटेमा पुनःकाम गर्न जाने मुलुकको श्रम विभागबाट अनुमति लिनुपर्ने । ४. यस विज्ञापन बमोजमका सेवा वेही पुनःमुलुकमा काम गरा गोरखार छाताबाट विभाग, कार्यालयका सम्पर्क गर्नुहोला ।

Ozone Overseas Services Pvt. Ltd.
Air Port, Kathmandu, Nepal, Ph.: 4112794
Mo: 9801041128, 9801041130, 9801041131
E-mail: ozoneoverseasnepal@gmail.com

Government of Nepal
Ministry of Irrigation
Department of Irrigation
Mid-Western Regional Irrigation Directorate
Irrigation Development Sub-Division
Khalanga, Jumla
First Date of publication: Dec 29, 2015

Invitation for Bids for:

Construction of Different Components of Irrigation System.

1. The Government of Nepal [GoN] is executing the construction of Different Components of Irrigation System of Silam ISP, Niyapani ISP and Sangtakhola(Dillichaur-6) ISP under Irrigation Development Sub-Division(IDSD)-Jumla under MIP program and Dhapa ISP, Ratadhunga Gunibhir ISP, Majhjiula ISP, LumalSP and Sangtakhola ISP (Narakot-3,4) under IDSD-Jumla under KIDP Program and intends to apply part of the funds to cover eligible payments under the following Contracts. Bidding is open to all eligible Nepalese Bidders.
2. IDSD-Jumla invites sealed bids or electronic bids from eligible bidders for the above mentioned works under National Competitive Bidding procedures. Only eligible bidders with the key qualifications summarized in following table should participate in this bidding:
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Irrigation Development Sub-Division, Jumla, Tel: +977-87- 520031 or may visit PPMO **website www.bolpatra.gov.np**
4. A complete set of Bidding Documents may be purchased from the following offices by eligible Bidders on the submission of a written application, along with the attested copy of company/firm registration certificate, VAT and PAN Certificates and income tax clearance certificate of last F.Y.2071/72 and upon payment of a non-refundable fees as mentioned below until the 30th (i.e. 27th Jan, 2016) day from the date of publication of this notice.

Irrigation Development Sub-Division, Jumla Tel: +977-87- 520031	OR	**The Chief Treasury Controller** **Address:** Treasury and Account Comptroller Office, Khalanga, Jumla +977-87-520116

Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np . Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. In addition to electronically submitted PDF files, the bidder shall be required to submit original documents of those files within 7(Seven) days after the last date of submission of bid, failure of which shall disqualify the bidder and the bid security is forfeited.

Name of the Bank :Rastriya Banijya Bank, Khalanga, Jumla	Office Account No : 1-1-00-1
Office Name: Irrigation Development Sub-Division Khalanga, Jumla	Rajaswa (Revenue)Shirshak:14227
Office Code No. : 55-357-01	Dharauti Account.:4030203000000

5. Any bidder may submit the bid for the work as listed below either by himself or as a partner in joint venture (J/V) provided that each J/V partner has purchased a complete set of Bidding Documents separately. Alternatively, a single set of Bidding Documents may be purchased by a joint venture of firms by submitting a J/V agreement along with the documents mentioned above for each of the partner firm. However, number of firms forming a joint venture is limited to three. Each firm shall submit a Bid either individually or as a member of Joint Venture.
6. Sealed or electronic bids must be submitted to the following office by hand or through PPMO website www.bolpatra.gov.np on or before 12:00 (Noon) hrs 31th day (i.e. 28th Jan, 2016) of publication of notice. Bids received after this deadline will be rejected.
   Office Name: Irrigation Development Sub-Division, Khalanga, Jumla
7. Pre-Bid meeting will take place on the 20th day (i.e. 17th Jan, 2016) from the first date of publication of this notice at 1:00 PM at Irrigation Development Sub-Division, Khalanga, Jumla.
8. Bidders are requested to visit the site and assess the actual site conditions before submitting their bid.
9. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs on 31th day of publication of notice at Irrigation Development Sub-Division, Khalanga, Jumla. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of amount as stated in the table which shall be valid for 30 days beyond the validity period of the bid.
10. At the time of bid opening, if the electronically submitted bids are unseen in website or uploaded files are in unreadable formats or corrupted, IDSD-Jumla will not be responsible and such bids are not included in bid evaluation.
11. In case of any discrepancy or error in tender notice, bid document and other documents, IDSD-Jumla, reserves right to amend/correct at any time. Such amendments/corrections shall be published in the national daily newspaper and in the e-procurement section of the PPMO website.
12. The Employer reserves the right to accept or reject any or all bids without assigning any reason whatsoever.
13. Estimated completion period of the work is on or before 15 month from agreement date.
14. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
15. All bids shall be prepared as per procurement act 2063.
16. All Bidders must provide their e-mail address along with bid documents.
17. Subjects uncovered under this notice shall be in accordance with public procurement act 2063, public procurement rule 2064 and prevailing rule and regulation.
18. The Summary of work and contract no. is given in the table below.

Contract Identification No.	Description of works	Bid Security Amount (NRs.)	Bid Price (NRs.)	Minimum required Average Annual Construction Turnover best 3 years out of last 10 years excluding VAT (Millions NRs.)	Minimum work experience of Similar size & nature best 3 years out of last 10 years excluding VAT. (Millions NRs.)
IDSD-Jumla/ MIP/SIP/NCB-01/072/73	Construction of Different Components of Irrigation System.	750000.00	3000.00	35.00	19.00
IDSD-Jumla/ MIP/NIP/NCB-02/072/73	Construction of Different Components of Irrigation System.	280000.00	3000.00	13.00	7.00
IDSD-Jumla/ MIP/SAIP/NCB-03/072/73	Construction of Different Components of Irrigation System.	200000.00	3000.00	10.00	5.32
IDSD-Jumla/ KIDP/RGIP/ NCB-01/072/73	Construction of Different Components of Irrigation System.	290000.00	3000.00	14.00	7.20
IDSD-Jumla/ KIDP/MAIP/ NCB-02/072/73	Construction of Different Components of Irrigation System.	390000.00	3000.00	18.00	9.65
IDSD-Jumla/ KIDP/SAIP/ NCB-03/072/73	Construction of Different Components of Irrigation System.	510000.00	3000.00	24.00	12.60
IDSD-Jumla/ KIDP/DAIP/ NCB-04/072/73	Construction of Different Components of Irrigation System.	690000.00	3000.00	32.00	17.25
IDSD-Jumla/ KIDP/LUIP/ NCB-05/072/73	Construction of Different Components of Irrigation System.	520000.00	3000.00	25.00	13.10

Sub-Division Chief

नेपाली चलचित्र हेर्ने प्रधानमन्त्रीको उद्घोष

राजधानी समाचारदाता
काठमाडौं, १३ पुस

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली चलचित्र उद्योगको विकासका लागि सहयोग गर्न आफू तत्पर रहेको बताएका छन् । सोमवार प्रधानमन्त्री निवास बालुवाटारमा आयोजित चलचित्र 'फुलैफुलको मौसम तिमीलाई'को गीत संगीत तथा गीति दृश्य सार्वजनिक गर्दै प्रधानमन्त्री ओलीले यस्तो धारणा राखेका हुन् ।

नेपाली चलचित्रलाई हामीले माया गर्नुपर्ने प्रधानमन्त्री ओलीको भनाइ थियो । आफू सो चलचित्र परिवारका साथ टिकट काटेर हेर्ने घोषणासहित यो चलचित्रका निर्देशक दिनेश डीसीलाई प्रधानमन्त्री ओलीले १० ओटा टिकट आफ्नो नाममा अग्रिम बुक गर्न अनुरोध गरे ।

आगामी २१ फागुनबाट राजधानी तथा मोफसलदेखि प्रदर्शनीमा आउने सो चलचित्रको सफलताको कामना गर्दै प्रधानमन्त्री ओलीले कार्यक्रममा भने, 'कुनै पनि देशको विकासको स्तर त्यहाँको कला, संस्कृति, साहित्यको विकास स्तरले संकेत गर्दछ । विविधतामा एकता यो देश कला, संस्कृति, साहित्य, संगीतमा निकै माथि छ ।' गोठालो जाँदा, मेलापात गर्दा नर्याँ-नर्याँ भाकामा गीत गाउने र गीतमै कुराकानी गर्ने क्षमता गाउँघरमा रहेको पनि उनले बताए । आजको प्रविधिलाई हाम्रा कला, संस्कृति, संगीत, साहित्यमा समिश्रण गर्दै यसलाई माथि उठाउनुपर्ने प्रधानमन्त्री ओलीले कार्यक्रममा सुझाव दिए ।

नेपाली चलचित्र छायांकनका लागि उपयुक्त स्टुडियो नेपालमा नभएको मनन गर्दै प्रधानमन्त्री ओलीले गोखार्ं र तनहूँको सिमानामा पर्ने मर्स्याङ्दी नदीको किनारमा चलचित्र छायांकन स्टुडियो बनाउनुपर्ने बताए । जसका लागि गोखार्ंको पालुङटार र आसपासको क्षेत्र उपयुक्त भएको प्रधानमन्त्री ओलीको भनाइ थियो । अन्तर्राष्ट्रिय स्तरको सुटिङ स्टुडियो निर्माणका लागि चयन गरेर बजेटसमेत छुट्याइएको दोलखाको डाङ्डुङे डाँडाको कठिनाइबारे कार्यक्रममा प्रधानमन्त्री ओलीले टिप्पणी गरेका थिए ।

प्रधानमन्त्री ओलीले आफ्नो चलचित्र टिकट किनेर हेर्ने प्रतिबद्धता जनाएकोमा निर्देशक दिनेश डीसीले खुसी व्यक्त गरे । यो घोषणालाई निर्देशक डीसीले प्रधानमन्त्रीको नेपाली चलचित्रप्रतिको मायाको रूपमा आफूले लिएको बताउँदै पहिलो सोको १० ओटा टिकट सशुल्क आफूले प्रधानमन्त्री ओलीलाई उपलब्ध गराउने पनि उनले बताए ।

चलचित्र 'फुलैफुलको मौसम तिमीलाई'को नाफाबाट केही रकम आफूले 'सिड मनी'को रूपमा धादिङको सल्यान घाटमा पुल निर्माणका लागि प्रदान गरिने पनि निर्देशक डीसीले बताए । त्यहाँका विद्यार्थी अहिले पनि तुइनमा झुन्डिएर त्रिशूली तर्न विवश भएकाले पुल बनाउने अभियानमा आफू लाग्ने पनि निर्देशक डीसीले प्रस्ट्याए ।

यो चलचित्रका शीर्ष गीत फुलैफुलको मौसम तिमीलाई... गाएका राजेशपायल राईले चलचित्रको गीत उत्कृष्ट बनेको बताए । सुरेश अधिकारीको संगीतमा तयार भएको यो गीतमा आफूलाई नबोदित गायिका दीपा लामीले साथ दिएको पनि राईले जानकारी गराए ।

अमीर अली, रानु डीसी, सावा डीसीलगायतले निर्माण गरेको यो चलचित्रमा आमेश अधिकारी, नीता ढुंगाना, विजय लामा, हिउँवाला गौतम, गीता अधिकारी, माधव खरेल, लेखराज डीसी, नबराज ढुंगानासहितको अभिनय रहेको कार्यक्रममा जानकारी गराइयो ।

दिनेश सुब्बासँग झुमे इटहरीवासी

पवन अधिकारी/राजधानी
इटहरी, १३ पुस

हडकडमा बसेर निरन्तर नेपाली संगीतको विकासमा लागिपरिरहेका संगीतकार/गायक तथा गीतकार दिनेश सुब्बालाई इटहरीमा सम्मान गरिएको छ । भूमिसुधार तथा व्यवस्थामन्त्री रामकुमार सुब्बाले उनलाई सम्मान गरेका हुन् ।

इटहरीको रिजाल्स भिजनमा संगीत साधना प्रतिष्ठान नेपालको एक ईंटा अभियानमा आयोजना गरेको 'दिनेश प्रवास र नेपाली संगीत' कार्यक्रममा प्रतिष्ठानको तर्फबाट स्रष्टा दिनेश सुब्बालाई सम्मान गरिएको हो ।

नेपाली गीत-संगीतमा दिनेश सुब्बाले पुऱ्याएको योगदानको भूमिसुधार तथा व्यवस्थामन्त्री रामकुमार सुब्बाले खुलेर प्रशंसा गरे । त्यस्ता स्रष्टालाई सम्मान गर्न पाउँदा आफूलाई गर्व भएको मन्त्री सुब्बाले बताए ।

इटहरीमा संगीत साधना प्रतिष्ठान नेपालले संगीतको विकासका लागि भौतिक संरचना निर्माणका लागि एक ईंटा अभियान सञ्चालन गरेको जानकारी पाएपछि आफूले आफू र हडकडमा रहेका नेपाली व्यवसायीसमेत गरी १ लाख ५० हजार रुपैयां आर्थिक सहयोग प्रदान गरेको उनले बताए ।

हडकडबाटै ल्याएको एक थान भायोलियन प्रतिष्ठानका अध्यक्ष मणि गुरुङलाई हस्तान्तरण गर्दै गायक सुब्बाले भने, 'संगीतको विकासका लागि बाजा बजाउनेहरूको विकास हुनुपर्छ । संगीत साधना प्रतिष्ठान नेपालले गीत गाउने र संगीत गर्नेहरू मात्र नभई राम्रोसंग बाजा बजाउन जान्ने संगीतकर्मीको पनि उत्पादन र विकास गर्ने विश्वास मैले लिएको छु ।'

सो सांगीतिक कार्यक्रममा गायक सुब्बाले आफ्ना चारओटा गीत प्रस्तुत गरेका थिए । उनले आफूद्वारा संगीतबद्ध हाम्रो सुन्दर संसार थियो..., बादलुको घुम्टोले इलाम बजार छोपिंदा..., हिमाल, पहाड र तराई... लगायतका गीत प्रस्तुत गरे । उनले गीत गाउँदा गीतसँगै इटहरीवासी झूमेका थिए । सुब्बालाई तिनओटा गीतमा संगीत साधना प्रतिष्ठान नेपालमा गायिकाद्वय सनम राई र सुजता बिष्टले साथ दिए ।

कार्यक्रमका अर्का अतिथि गायक दीप श्रेष्ठले श्रोताहरूको मागबमोजिम हर रात सपनीमा... गीत सुनाए । यस्तै, अर्का अतिथि लोकगायक एलपी जोशीले रिटिङ रिटिङ नवजाउ बिनायो... र ओल्ली खोलो पल्लो खोलो... बोलका गीत गाएर दर्शकलाई नचाए । यस्तै, धनकुटाका प्रमुख जिल्ला अधिकारी विजयनारायण मान्धरले पनि तिनओटा गीत गाएर दर्शकको मन जिते ।

सोही कार्यक्रममा गायक विक्रमश्री वास्तोलाको संगीत रहेको गीतकार विनय दुंगेलको आधुनिक गीति-संग्रह 'यात्रा जीवनको' गायक दीप श्रेष्ठ र दिनेश सुब्बाले संयुक्त विमोचन गरे ।

Gopi Krishna Movies
TODAYS MOVIES
DILWALE 8:20, 11:20 2:20, 5:20
BAJIRAO MASTANI 8:20, 11:20 2:20, 5:20
Tista Pariko Saino 8:20, 11:20 2:20, 5:20
